# त्रिवेणी गाउँपालिका

# बाल विवाह अन्त्यका लागि पञ्च-वर्षिय रणनीतिक योजना

# (२०८२—२०८७)

स्वीकृत मितिः२०८२ असार ६ गते

## त्रिवेणी गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय

### लुहाम, सल्यान

# बालविवाह अन्त्यका लागि पञ्चवर्षिय रणनीति योजना २०८२-८३ देखि २०८६-८७

**सर्वाधिकारः** त्रिवेणी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, सल्यान

**प्रकाशनः** नेपाल सरकार, कर्णाली प्रदेश, सुर्खेत जिल्ला, त्रिवेणी गाउँपालिका सल्यान तथा दलित विकास समाज सल्यान र बाल विवाह विरुद्धको साझा संजाल अभियान कर्णाली प्रदेशको आर्थिक र प्राविधिक सहयोगमा प्रकाशित भएको हो ।

# <u>बिषय सुची</u>


खण्ड क ..... 1
१. प्रस्तावना ..... 1
२. बाल विवाह अन्त्य सम्बन्धी राष्ट्रिय कानुन, नीति, रणनीति एवं योजनाहरुको संङ्क्षिप्त जानकारी ..... 1
२.१ अन्तरराष्ट्रिय प्रतिवद्धता ..... 1
२.२ नेपालको संविधान ..... 2
२.३ राष्ट्रिय कानूनी व्यवस्थाहरु ..... 3
२.३.१ मुलुकी अपराध संहिता ऐन, २०७४ को दफा १७३ ..... 3
२.३.२ बालबालिका सम्बन्धी राष्ट्रिय नीति २०६९ ..... 4
२.३.३ बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति २०७२ ..... 4
२.३.४ स्थानिय सरकार संचालन ऐन (२०७४) ..... 4
२.३.५ बालबालिका सम्बन्धी ऐन, २०७५ ..... 4
३. नेपालमा बालविवाहको अवस्था ..... 5
४. **त्रिवेणी** गाउँपालिकाको संक्षिप्त परिचय ..... 7
५. त्रिवेणी गाउँपालिकामा बालविवाहको अवस्थाः ..... 9
५.१. त्रिवेणी गा.पा.मा बाल विवाह हुनुका मुख्य कारणहरु ..... 10
६. बाल बिबाह अन्त्यको लागि रणनीतिक योजनाको आवश्यकता र औचित्य ..... 11
७. बालविवाह अन्त्यका लागि रणनीतिक योजना तर्जुमा प्रक्रियाः ..... 12
७.१ बालविवाह न्युनिकरणमा त्रिवेणी गाउँपालिकाको सवल पक्ष, अवसर, चुनौती, समस्या तथा सवालहरु, तथा बालविवाह रोक्नका लागि संचालन गर्नुपर्ने कार्यक्रमहरुः ..... 13
७.१.१ सवल पक्षः ..... **Error! Bookmark not defined.**
७.१.२ अवसरहरुः ..... 14
७.१.३ चुनौतीहरु ..... 14
७.१.४ त्रिवेणी गाउँपालिकामा बालविवाह न्युनिकरनामा देखिएका समस्या तथा सवालहरुः ..... 14
७.१.५ बालविवाह रोक्नका लागि गाउँपालिकामा संचालन गर्नुपर्ने कार्यक्रमहरु ..... 15
८. बालबिबाह अन्त्यको रणनीतिका सिद्धान्तहरूः ..... 15
८.१ समानताको अधिकारः ..... 15
८.२ बालबालिकाको सर्वोत्तम हितः ..... 15
८.३ बालबचाउ र विकासः ..... 15
८.४ संरक्षणः ..... 15
८.५ अर्थपूर्ण सहभागिताः ..... 15
८.६ राज्यको दायित्वः ..... 16
खण्ड ख ..... 17
९. परिकल्पना ..... 17
१०. दूरदृष्टि ..... 17

११. ध्येय ..... 17
१२. लक्ष्य ..... 17
१३. नारा ..... 17
१४. रणनीतिका उद्देश्यहरु ..... 17
१५. मुख्य रणनीतिक कार्यहरु ..... 18
१५.१ बालिका र किशोरीको सशक्तिकरण ..... 18
१५.२ बालिका र किशोरीहरुको लागि गुणस्तरीय शिक्षा र स्वास्थ्य ..... 18
१५.३ बालक, किशोर तथा पुरुषहरूको सहभागिता ..... 19
१५.४ परिवार र समुदायको परिचालन ..... 19
१५.५ सेवा प्रवाह ..... 20
१५.६ कानून र नीतिको सुदृढीकरण र कार्यान्वयन ..... 21
१६. बालविवाह मुक्त क्षेत्र घोषणा प्रक्रियाका तहगत खुट्किलाहरु ..... 21
१७. बालविवाह मुक्त क्षेत्र घोषणाका सूचकहरु ..... 22
१८. मुख्य क्रियाकलापहरू तथा कार्यान्वयनको योजना ..... 24
१९. स्रोत व्यवस्थापन ..... 32
२०. समन्वय, अनुगमन तथा मुल्यांकन ..... 32
२१. रणनीति कार्यान्वयनका लागि सम्बन्धित निकायको भुमिका ..... 32
२१.१त्रिवेणी गाउँपालिकाको भुमिका ..... 32
२१.२ वडा कार्यालयको भुमिका ..... 33
२१.३पालिका बाल अधिकार समिति ..... 34
२१.४ स्वास्थ्य संस्था ..... 34
२१.५ विद्यालय र शिक्षकहरु ..... 35
२१.६महिला तथा बालबालिका शाखा ..... 35
२१.७ सञ्चार माध्ययम ..... 35
२१.८ किशोर किशोरी/युवा समूह ..... 36
२१.९ परिवार/अभिभावक ..... 36
२१.१० प्रहरी कार्यालय ..... 37
२१.११ गैर सरकारी संस्था ..... 37
२१.१२ महिला आमा समूह ..... 37
२१.१३ महिला स्वास्थ्य स्वयम सेविका ..... 38
२१.१४ राजनीतिक दल ..... 38
२१.१५ बालक्लब/बाल संजाल ..... 38
२१.१६ धार्मिक गुरु तथा पुरोहित ..... 38
२१.१७ बालविवाह निगरानी समूह ..... 39
२२. बाल विवाह अन्त्यका लागि सन्देशहरू ..... 39

२३. बालसंरक्षण आचारसंहिता........40
२४. अनुगमन तथा मुल्याङ्कनः........40
२४.१ पालिका कार्यान्वयन, समन्वय र अनुगमन समितिको काम, कर्तव्यर अधिकार........41
२४.२ वडा कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन समिति........41
२५. कार्यान्वयनको समयावधि........41
२६. श्रोतको अनुमान तथा परिचालन........41
२७. जोखिम पहिचान तथा व्यवस्थापन........42
२७.१ सम्भावित जोखिमहरू........42
२७.२ जोखिम व्यवस्थापनका लागि ध्यान दिनुपर्ने पक्षहरू........42
अनुसूचीहरु........42
सन्दर्भस्रोत........43

# खण्ड क

## १. प्रस्तावना

बालविवाह बालअधिकारको हनन् हो।नेपालले बालअधिकारको संरक्षण र सम्वर्द्धनका लागि विभिन्न अन्तर्राष्ट्रिय र राष्ट्रिय प्रतिवद्धताहरू गरेको छ । बालअधिकार महासन्धी १९८९ को नेपाल पक्ष राष्ट्र हो ।नेपालको संविधानको धारा ३९ ले बालबालिकाको हकलाई सुरक्षित गर्दै बाल अधिकारलाई मौलिक हकका रुपमा व्यवस्था गरेको छ । संविधानको धारा ३९ मा बालबालिकाको हक अन्तर्गत उपधारा ५ मा कुनै पनि बालबालिकालाई बालविवाह, गैरकानुनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न पाइने छैन भनी बालविवाहलाई पहिलो पटक बालअधिकारहननको विषयको रुपमा उल्लेख गरी दण्डनीय अपराधको रुपमा स्वीकार गरेको छ।स्थानीय सरकारलाई बालअधिकारको प्रवर्धनका लागि नेपालको संविधान र स्थानीय सरकार संचालन ऐन २०७४ मा विभिन्न जिम्मेवारीहरूको व्यवस्था गरिएको छ ।

नेपालको अन्तर्राष्ट्रिय प्रतिवद्धता र विद्यमान राष्ट्रिय कानुन अनुसार बालविवाह एक कानुनी र सामाजिक अपराध हो । मुलुकी देवानी संहिता ऐन २०७४ को दफा ७० को उपदफा ३ मा २० वर्ष पूरा नभई गरिएको विवाहलाई बालविवाहको रुपमा परिभाषित गरिएको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गाउँ र नगरपालिकाको काम कर्तव्य र अधिकार अन्तर्गत बालविवाह, बहुविवाह, लैंगिक हिंसा, छुवाछुत, दहेज तथा दाइजो, हलिया प्रथा, छाउपडी प्रथा, कमलरी प्रथा, बालश्रम, मानव बेचविखन जस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने, गराउने जिम्मेवारी प्रदान गरेको छ ।

नेपाल बालविवाह हुने देशहरु मध्ये उच्च जोखिममा रहेको छ । नेपाल सरकारले सन् २०३० सम्म बालविवाह अन्त्य गर्न राष्ट्रिय रणनीति बनाई कार्यान्वयनमा समेत ल्याएको छ । यस रणनीतिलाई सफल पार्न विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरुले समेत सहकार्य गरिरहेका छन्।

बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति २०७२ ले अंगिकार गरेको लक्ष्य अनुसार स्थानीय तहमा बालविवाह अन्त्यका लागि यस त्रिवेणी गाउँपालिकाले पनि पहल गरी राष्ट्रिय रणनीतिका उद्देश्यहरू पूरा गर्न योगदान गर्ने तथा यस त्रिवेणी गाउँपालिकालाई पनि बालविवाह मुक्त गाउँपालिका बनाउन यो बालविवाह अन्त्यका लागि पञ्चवर्षिय रणनीति योजना २०८१-२०८५ तयार गरी लागू गरिएको छ ।

## २. बाल विवाह अन्त्य सम्बन्धी राष्ट्रिय कानुन, नीति, रणनीति एवं योजनाहरुको संङ्क्षिप्त जानकारी

### २.१ अन्तरराष्ट्रिय प्रतिवद्धता

विश्वव्यापी स्तरमा बालविवाहलाई सहस्राब्दी विकास लक्ष्य (MDGS)को प्राप्तिका लागि बाधकको रुपमा पहिचान गरी दिगो विकासका लक्ष्यहरूको कार्यसूची (SDGS,२०१६-२०३०) मा बालविवाह अन्त्य गर्ने विषयलाई प्राथमिकताका साथ राखिएको छ ।

सन २०१३ को सेप्टेम्बरमा संयुक्त राष्ट्रसंघीय मानवअधिकार समितिबाट बालविवाह तथा जबरजस्ती हुने विवाह रोकथाम तथा उन्मूलनको सवलीकरण, चुनौती, उपलब्धि, उदाहरणीय अभ्यास र कार्यान्वयनमा रहेका समस्याहरू विषयको प्रस्ताव र यसपछि सोही वर्षको डिसेम्बरमा संयुक्त राष्ट्रसंघको ६८ औं साधारण सभाबाट बालविवाह तथा जबरजस्ती हुने विवाह विषयको प्रस्ताव पारित गरिएपछि बालविवाह विरुद्धका कार्यक्रमहरू विश्वव्यापी रुपमा उच्च प्राथमिकतामा परेका छन्। सोही अनुरुपमा नेपाल सरकारले पनि सन २०३० सम्ममा बालविवाह मुक्त राष्ट्रको रुपमा अन्तर्राष्ट्रिय स्तरमा चिनिने लक्ष्य राखेकोछ ।

नेपालले बालअधिकार सम्बन्धी महासन्धि, १९८९, महिला माथि हुने सबै प्रकारका विभेदहरूको अन्त्य गर्ने महासन्धि, १९७९, नागरिक तथा राजनैतिक अधिकारका लागि अन्तर्राष्ट्रिय अभिसन्धी, १९६६, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धी, १९६६, यातना विरुद्धको महासन्धि, १९८४, जनसंख्या र विकास सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनले पारित गरेको कार्ययोजना, १९९४( programme of Action adopted at the international Conference on population and Development, 1994 ) चौथो विश्व महिला सम्मेलनबाट पारित बेइजिङ्ग घोषणा र सम्बद्ध कार्ययोजना ( Bejing Declaration and platform for Action ) र सार्क लगायत अन्तर्राष्ट्रिय तथा क्षेत्रीय स्तरमा बालअधिकार प्रबर्द्धन गर्ने विभिन्न अन्तर्राष्ट्रिय महासन्धि तथा ईच्छाधीन आलेखहरू मार्फत विशेषतः बालअधिकार संरक्षणको क्षेत्रमा प्रतिवद्धता जाहेर गरेको छ ।

## २.२नेपालको संविधान

**धारा ३१. शिक्षा सम्बन्धी हक**

१. प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ।
२. प्रत्येक नागरिकलाई आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा पाउने हक हुनेछ ।
३. अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा प्राप्त गर्ने हक हुनेछ ।
४. दृष्टिविहीन व्यक्तिलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाई सम्बन्धी अपा·ता भएका व्यक्तिलाई साङ्केतिक भाषाको माध्यमबाट कानून बमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ
५. नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो मातृभाषामा माध्यमिक तहसम्म शिक्षा प्राप्त गर्न र कानून बमोजिम विद्यालय तथा शैक्षिक संस्था खोल्ने र संचालन गर्ने हक हुनेछ ।

**धारा ३५. स्वास्थ्य सम्बन्धी हकः**

१. प्रत्येक नागरिकलाई आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ।कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन।
२. प्रत्येक व्यक्तिलाई आफ्नो स्वास्थ्य उपचारको सम्बन्धमा जानकारी पाउने हक हुनेछ ।
३. प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक हुनेछ ।
४. प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक हुनेछ ।

**धारा ३८. महिलाको हकः**

१. महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षा जस्तो सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ ।

**धारा ३९. बालबालिकाका हकहरुः**

१. प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामाकरण र जन्मदर्ताको हक हुनेछ ।
२. प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकूद, मनोरञ्जन तथा व्यक्तित्व विकासको हक हुनेछ ।
३. प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बालसहभागिताको हक हुनेछ ।
४. कुनैपनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन पाइने छैन ।

५. कुनै पनि बालबालिकालाई **बालविवाह**, गैरकानुनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न पाइने छैन ।
६. कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनको नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यबहार, उपेक्षा वा शारीरिक मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन ।
७. कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनैकिसिमको यातना दिन पाइने छैन ।
८. प्रत्येक बालबालिकालाई बाल अनुकूल न्यायको हक हुनेछ ।
९. असहाय, अनाथ, अपाता भएका, द्वन्द्व पीडित, विस्थापित एवं जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुनेछ ।
१०. उपधारा (४), (५), (६) र (७) विपरीत कार्य कानून बमोजिम दण्डनीय हुनेछन्र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

## २.३ राष्ट्रिय कानूनी व्यवस्थाहरु

बालबालिकाको अधिकार सुनिश्चित गर्न थुप्रै कानूनी व्यवस्था गरिएको छ, जसमा बालबालिका सम्बन्धी ऐन २०७५, बालश्रम (निषेध र नियमित) गर्ने ऐन २०५६, स्थानीय सरकार संचालन ऐन, २०७४ बालबालिकाका निम्ति विशेष ऐनका रुपमा रहेका छन् भने मुलुकी अपराध(संहिता) ऐन, मुलुकी देवानी (संहिता) ऐन, २०७४ लगायत अन्य धेरै ऐनहरुमा बालबालिकाका सम्बन्धी थुप्रै व्यवस्थाहरु भएको पाइन्छ । यस अतिरिक्त बालन्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६, बालमैत्री स्थानीय शासनः राष्ट्रिय रणनीति २०७४ बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८, आवासीय बालगृह संचालन मापदण्ड, २०७६, बालबालिका सम्बन्धी राष्ट्रिय नीति, २०६९, राष्ट्रिय बालबालिका नीति २०८० आएको लगायतका अर्को तहका दस्तावेजहरु रहेका छन्। मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण गर्ने) ऐन, २०६४ र यसको नियमावली २०६५, घरेलु हिंसा नियन्त्रण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०६६, कमैया (श्रम निषेध गर्ने) सम्बन्धी ऐन, २०५८, बालबालिका शान्ति क्षेत्र राष्ट्रिय ढाँचा र कार्यान्वयन निर्देशिका, २०६८, बाल हेल्पलाइन संचालन कार्यविधि २०६४, निःशुल्क फोन १०९८ (दश नौ आठ) सहितको एकिकृतका साथै हराएका बालबालिका खोज तलास तथा समन्वयका लागि निःशुल्क फोन नं. १०४ सहित बालबालिका खोज तलास केन्द्र संचालनमा रहेका छन् । बालसंरक्षण तथा बालअधिकार सुनिश्चित गर्न शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षासँग सम्वन्धित ऐन कानुनहरुका साथै विभिन्न कार्यक्रमगत व्यवस्थाहरु, मन्त्रिपरिषद देखि मन्त्रालयसम्मका निर्णयहरु कार्यान्वयनमा रहेका छन्। यसका साथै बालश्रम अन्त्यका लागि राष्ट्रिय गुरु योजना २०७५ देखि २०८५, बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति २०७२ बालबालिकाको संरक्षणका लागि बनेका प्रमुख दस्ताबेजको रुपमा रहेको पाईन्छ ।

### २.३.१ मुलुकी अपराध संहिता ऐन, २०७४ को दफा १७३

१. विवाह गर्ने व्यक्तिको उमेर बीस वर्ष नपुगी कसैले विवाह गर्न वा गराउन हुदैन।
२. उपदफा (१) विपरीत भएको विवाह स्वतः बदर हुनेछ ।
३. उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

### २.३.२ बालबालिका सम्बन्धी राष्ट्रिय नीति २०६९

बालविवाहलाई बालबालिकाको हक अधिकार प्रचलनका लागि बाधकको रुपमा पहिचान गरेको छ । यस नीतिको रणनीति नं. ८.९ मा बालविवाह रोक्न सरकारी र विकासका साझेदार संस्थाहरुको सहकार्यमा समुदाय स्तरका संघ संस्थाहरुलाई परिचालन गर्ने, बालविवाह विरुद्धको उजुरी सक्रियताका साथ लिने र कारवाही गर्ने व्यवस्थाका साथै बालविवाह रोक्ने कार्यका लागि स्थानीय निकायलाई थप जिम्मेवारी दिईने कुरा उल्लेख गरिएको छ । यसैगरी रणनीति नं ९.३ मा स्थानीय स्तरसम्म बालबालिकाको बेचविखन, ओसारपसार र बालविवाह विरुद्ध चेतना जागरण कार्यक्रम संचालन र गाउँ स्तरमा बालसंरक्षणको विषयमा चेतना अभिवृद्धि गर्न संचार लगायत अन्य उपयुक्त माध्यमको परिचालन गरिने कुरा उल्लेख छ ।

### २.३.३ बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति २०७२

सन २०३० सम्म नेपालमा बालविवाह अन्त्य गर्ने लक्ष्य अनुराप बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति २०७२ ले ६ वटा रणनीतिक कार्यदिशा तय गरेको छ ।

१. बालिका र किशोरीको सशक्तिकरण
२. बालिका र किशोरीको लागि गुणस्तरीय शिक्षा
३. बालक, किशोर र पुरुषको सहभागिता
४. परिवार समुदायको परिचालन
५. सेवा प्रवाह
६. कानुन र नीतिको सुदृढीकरण र कार्यान्वयन

### २.३.४ स्थानिय सरकार संचालन ऐन (२०७४)

स्थानिय सरकार संचालन ऐन (२०७४) को परिच्छेद ३ (गाउपालिका र नगरपालिकाको काम कर्तव्य र अधिकार) को दफा १२ को (वडा समितीको काम कर्तव्य र अधिकार) को उपदफा २ को खण्ड (ग) मा विकास कार्य अन्तर्गत तपसिलका कुराहरु उल्लेख गरेको छ ।

(२९) वडालाई बाल मैत्री बनाउने ।

(३०) वडाभित्र आर्थिक तथा सामाजिक रुपमा पछि परेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, अल्पसंख्यक, सीमान्तकृत समुदायको अभिलेख राखी सामाजिक र आर्थिक उत्थान सम्बन्धी काम गर्ने,

(३१) विभिन्न समुदाय बिच सामाजिक सद्भाव र सौहार्दता कायम गर्ने,

(३२) **बाल विवाह,** बहुविवाह, लैङ्गिक हिंसा, छुवाछुत, दहेज तथा दाइजो, हलिया प्रथा, छाउपडी, कमलरी प्रथा, बाल श्रम, मानव बेचविखन जस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने, गराउने ।

### २.३.५ बालबालिका सम्बन्धी ऐन, २०७५

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६६ उपदफा२(ण) बमोजिम बालबालिकाको विवाह तय गर्ने वा बालबालिकासँग विवाह गर्ने वा गराउने कार्यलाई बालबालिका विरुद्धको हिंसा गरेको मानिनेछ भन्ने व्यवस्था गरेको छ । सो कार्य गरे गराएमा सोही ऐनको दफा ७२ उपदफा ३ (ख) बमोजिम ७५ हजार रुपैयाँ सम्म जरिवाना र ३ वर्ष सम्म कैद हुने व्यवस्था रहेको छ।यसैगरी ऐनमा उल्लेखित दफा ६६ बमोजिमको कसूरको सम्बन्धमा प्रचलित कानुनमा कुनै हदम्याद तोकिएमा त्यस्तो हदम्याद भित्र र हदम्याद नतोकिएकोमा सो कसूर भए गरेको मितिले एक वर्षभित्र मुद्दा दायर गरिसक्नुपर्ने व्यवस्था दफा ७४ (१) ले गरेको छ ।

## ३. नेपालमा बालविवाहको अवस्था

नेपाल बालविवाह गर्ने दक्षिण एशियाली मुलुकका प्रमुख देशहरु मध्ये बंगलादेश र भारतपछि तेस्रो स्थानमा पर्दछ।नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०२२ ले नेपालमा २० वर्षदेखि २४ वर्ष उमेर समूहका ४१ प्रतिशत महिलाको विवाह १८ वर्ष पुग्न अगावै भएको उल्लेख गरेको छ । अर्को तर्फ यही उमेर समूहका ११ प्रतिशत मात्र पुरुषहरुको विवाह १८ वर्ष भन्दा कम उमेरमा हुने गरेको छ ।

युनिसेफले प्रकाशित गरेको सन् २०१६ को तथ्याङ्क अनुसार नेपालमा ३७ प्रतिशत बालिका १८ वर्षभन्दा कम उमेरमा विवाह गर्छन्। यसैगरी १० प्रतिशत बालिका १५ वर्षभन्दा कम उमेरमा विवाह गर्छन्।

विशेष गरी तराईका जिल्लाहरुमा तुलनात्मक रुपमा बालविवाह बढी हुने गरेको अध्ययनले देखाएको छ।विकट पहाडी जिल्ला अछाम, बैतडी, डोटी, बाजुरा, बझाङ, दार्चुला तथा तराईका सल्यान, कैलाली आदीमा पनि बालविवाहको दर उच्च रहेको पाइन्छ । शहरी क्षेत्रको तुलनामा ग्रामीण क्षेत्रका महिलाहरुको सामान्यतया कम उमेरमा विवाह हुने गरेको पाइएको छ । राष्ट्रसंघीय जनसंख्या कोषका अनुसार ग्रामीण क्षेत्रमा बसोबास गर्ने मध्ये ४३ प्रतिशत र शहरी क्षेत्रमा बस्ने मध्ये २७ प्रतिशत महिलाले १८ वर्ष नपुग्दै विवाह गर्छन । मधेशी समूदायका साथै सिमान्तकृत समूहहरु जस्तैः दलित, जनजाती र मुस्लिम समूदायमा अन्य समूदायको तुलनामा यो दर उच्च रहेको छ ।

२०७८ सालको जनगणना अनुसार १,३८,०१५ जना बालबालिकाको १० वर्ष नपुग्दै विवाह भएकोमा सोमध्ये १,१५,१५० जना बालिका छन्भने २२,८६५ जना मात्र बालक छन्। १० देखि १४ वर्ष उमेर समूहमा ११,२५,२०५जनाले विवाह गरेका छन्। त्यसमध्य ९,१०,९३९ जना बालिका रहेका छन्। बालक २,१४,२६६ जना छन्। १५ देखि १७ वर्ष समूहमा ३५,७५,७७७ जनाले विवाह गरेका छन्। त्यसमध्ये २७,०३,३७६ जना बालिका रहेका छन्। बालक ८,७२,४०१ जना छन्। त्यसैगरी १८ देखि २० वर्षमुनिका समूहमा ५५,११,६२६ जनाले विवाह गरेका छन्। त्यसमध्ये ३१,९३,६२० जना बालिका रहेका छन्। बालक २३,१८,००६ जना छन्। यस तथ्याङ्कबाट बालक भन्दा बालिकाहरूमा बालविवाह बढी हुने गरेको देखिएको छ भने १८ देखि २० वर्षमुनिका समूहमा बढि बालविवाह हुने गरेको देखिएको छ ।

केन्द्रीय तथ्याङ्क विभागको पपुलेसन मोनोग्राफ, सन् २०१४, भाग २ (सामाजिक जनसांख्यिकी) अनुसार १० देखि १८ वर्ष उमेर समूहका बालबालिकामध्ये २६.३ प्रतिशतको विवाह भएको देखिन्छ । यसमध्ये १७ र १८ वर्ष उमेर समूहका बालबालिकाको विवाह कूल बालविवाहको ७५.६६ प्रतिशत हुन आउँछ । नेपाल बहुक्षेत्रीय क्लस्टर सर्वेक्षण, २०१४ अनुसार १५ वर्षदेखि ४९ वर्ष सम्मका महिलामा गरिएको सर्वेक्षण अनुसार नेपालमा १५ वर्ष नपुग्दै वा चाडो विवाह गर्नेको संख्या १४,१६२ (१५.५ प्रतिशत) रहेको देखिन्छ । त्यसैगरी १५ वर्षदेखि १९ वर्ष सम्मका बालिकामा गरिएको सर्वेक्षण अनुसार १८ वर्ष नपुग्दै बालविवाह गर्नेको संख्या २,७८१ (२४.५ प्रतिशत) देखिएको छ ।नेपाल जनसांख्यिक स्वास्थ्य सर्वेक्षण (सन २०२२) अनुसार सल्यान जिल्लाका १९ वर्ष मुनिका ३०.६८ प्रतिशत महिलाले स्वास्थ्य सेवाबाट सेवा लिएको पाइएको छ।बालमैत्री स्थानीय शासन कायान्वयन निर्देशिका, २०७८ लागु भएपश्चात सोही अनुसार स्थानीय तह र वडाहरुले बालमैत्री स्थानीय तह एवं बालमैत्री वडा घोषणा गने कार्यक्रमलाई अगाडि बढाईरहेका छन। हराएका, बेवारिस फेलापरेका, बेचविखन तथा ओसारपसारमा परेका, सडकमा आश्रित तथा जोखिमपूर्ण कार्यमा संलग्न रहेका बालबालिकाको उद्धार , संरक्षण तथा व्यवस्थापनका लागी बालबालिका खोजतलास सेवा ( निशुल्कः टेलिफोन नं.१०४) देशभरिका सबै जिल्ला

प्रहरी कार्यालयहरुमा सञ्चालनमा रहेको छ भने राष्ट्रियस्तरमा काठमाडौंमा एवं कोशी मधेस र लुम्बिनी प्रदेशमा प्रदेशस्तरीय बालबालिका खोजतलास सेवा सञ्चालनमा रहेको छ। हिंसा, दुर्वयवहारमा परेका तथा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको उद्धार , संरक्षण तथा व्यवस्थापनका लागि विभिन्न गैर सरकारी संस्थाहरुसँगको सहकार्यमा बाल हेल्पलाईन सेवा (निशुल्क टेलिफोन नं. १०९८) देशभरिका ७७ जिल्लामा पहँच पुग्नेगरी हाललाई १८ स्थानबाट सञ्चालनमा रहेको छ। हिसां तथा दुर्व्यवहारमा परेका बालबालिकाको संरक्षण तथा पुर्नस्थापनाका लागि प्रहरी एकाईहरुमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र स्थापना तथा सञ्चालन भएको छ। जोखिममा परेका तथा विशेष संरक्षणको आवश्यकता भएका बालबालिका तथा हिसां, दुर्व्यहारमा परेका बालबालिकाको उद्धार पछिको पारिवारीक पुर्नमिलन तथा पुर्नस्थापना नहुन्जेल सम्मका लागी अस्थायी संरक्षण सेवा प्रदान गर्नविभिन्न गैर-सरकारी संस्थाहरुसँगको सहकार्यमा अस्थायी संरक्षण सेवाको प्रबन्ध गरिएको छ । संक्षिप्त रुपमा नेपालमा बालबिबाहको अवस्थालाई निम्न बमोजिम प्रस्तुत गरिएको छ ।

क. गरिबी र कम उत्पादन, रोजगारीको अभाव, सामाजिक विभेद, लैंगिक एवं पारिवारिक हिंसा दुर्व्यवहार, अभिभावक विहीनता, संचार माध्यमको दुरुपयोग, जनचतेनाको कमी, अभिभावकको वेवास्ता एवं साथी संगतको प्रत्यक्ष, अप्रत्यक्ष दवावका बीच बालविवाहले एक सामाजिक संस्कारकै रुपमा मान्यता पाएको छ ।

ख. नेपाल विश्वमा धेरै बालविवाह हुने २० राष्ट्रभित्र पर्दछ भने दक्षिण एशियाली मुलुकमा बंगलादेश ६६ प्रतिशत र भारत ४७ प्रतिशत पछि तेस्रो स्थान ४१ प्रतिशत मा रहेको छ ।

ग. सन् २०१२ मा प्लान नेपाल, सेभ द चिल्ड्रेन र वर्ल्ड भिजनबाट गरिएको अध्ययन अनुसार नेपालमा २० देखि २४ वर्षका व्यक्तिहरुमध्ये ४६.२ प्रतिशतले (महिला ५२.३ प्रतिशत र पुरुष ३३.८ प्रतिशत) बालविवाह गरेको देखिएको छ ।

घ. नेपाल जनसंख्या स्वास्थ्य सर्वेक्षण, २०१६ अनुसार करिब ५२ प्रतिशत महिलाहरुले १८ वर्षको उमेरमा नै विवाह गर्छन्। जबकि पुरुषहरुमा १९ प्रतिशतले मात्र १८ वर्षमा विवाह गर्छन्। १५ देखि १९ वर्षका १७ प्रतिशत महिलाहरु किशोरी उमेरमै आमा भईसक्छन् पहिलो बच्चा जन्माउन गर्भवती हुने गर्छन् भन्ने तथ्य सो अध्ययनले देखाएको छ । अध्ययनबाट शैक्षिक अवस्था अनुसार विवाहको उमेरमा भिन्नता आउने देखिएको छ । २० देखि २४ वर्षका महिलाहरु मध्ये १८ वर्ष मुनि विवाह गर्ने महिलाहरु हेर्दा निरक्षर महिला ७२ प्रतिशत, प्राथमिक शिक्षा लिएका ५७ प्रतिशत र माध्यमिक तहको शिक्षा लिएका २३ प्रतिशत महिला रहेका छन्।

ङ. किशोरकिशोरी तथा युवा सर्वेक्षण, २०११ अनुसार २० देखि २४ वर्षका युवाहरुमा ५ जना केटीहरु मध्ये ३ जना (६०.६२ प्रतिशत) र ४ जना केटामा १ जना (२२.६ प्रतिशत) ले २० वर्ष नपुग्दै विवाह गरेको अवस्था रहेको छ ।

च. मध्य तथा सुदूर पश्चिमाञ्चल क्षेत्रमा गरिएको अध्ययनमा १० जना किशोरीमा ६ जना (६० प्रतिशत) ले १८ वर्ष नपुग्दै विवाह गरेको अवस्था देखिएको छ । मध्यपश्चिमाञ्चल क्षेत्रमा बालविवाहको दर ५३ प्रतिशत रहेको छ, जुन अन्य विकास क्षेत्रको तुलनामा उच्चभएको पाइएको छ । (स्रोतः युएनएफपिए, २०११)

## ४. त्रिवेणी गाउँपालिकाको संक्षिप्त परिचय

त्रिवेणी गाउँपालिका कर्णाली प्रदेश अन्तर्गत सल्यान जिल्लाका साबिकका काभ्रा, काँरागिठी, फलाबाङ र त्रिवेणी गरी ४ ओटा गा.वि.स.लाई समावेश गरी स्थापना भएको हो । शारदा खोला, लुहाम खोला र घुर खोलाको संगम स्थल भएकाले नै यस गाउँ त्रिवेणी गाउँपालिका रहन गएको हो । यस गाउँपालिकाको कुल क्षेत्रफल जम्मा ११९.११ वर्ग कि.मि रहेको छ । यस गाउँपालिकाको पूर्वमा कपुरकोट गाउँपालिका, पश्चिममा कालिमाटी गाउँपालिका उत्तरमा शारदा नगरपालिका र छत्रेश्वरी गाउँपालिका र दक्षिणमा दाङ जिल्ला पर्दछ । त्रिवेणी गाउँपालिका विश्व मानचित्रमा २८°१४ देखि २८°२०° उत्तरी आक्षांश र ८२°८ देखि ८२°२० पूर्वी देशान्तरसम्म फैलिएर रहेको छ भने समुद्री सतहबाट ७८३ देखि २,१०७ मिटरसम्मको उचाइमा अवस्थित छ ।

सल्यान जिल्लामा नयाँ गठन भएका गाउँपालिकाहरु मध्ये त्रिवेणी गाउँपालिका विकासको राम्रो सम्भावना बोकेको गाउँपालिका हुनुका साथसाथै यहाँका सचेत राजनैतिक दल र उत्प्रेरित गाउँवासी यो गाउँपालिकाका दरिलो अनि दीगो विकासका श्रोत हुन् । २०७८ को जनगणना अनुसार यस गाउँपालिकाको जनसंख्या १६,६६४ रहेको छ जस मध्ये महिलाको जनसंख्या ८,७४६ (५२.४५ प्रतिशत) र पुरुषको जनसंख्या ७,९१८ (४७.५५ प्रतिशत) रहेको छ भने लैगिक अनुपात ९०.५३ र साक्षरता प्रतिशत ७६.५ र पुरुष साक्षरता ८३.५ र महिला साक्षरता ७०.७ प्रतिशत रहेको छ । यस गाउँपालिकामा विभिन्न जातजाति तथा धर्म मान्ने व्यक्तिहरुको बसोबास रहेको छ । २०७८ को जनगणना अनुसार सबैभन्दा बढी रहेको छ । औषत पारिवारिक आम्दानीमा कृषि व्यवसायको सबैभन्दा ठूलो हिस्सा रहेको छ र स्थानीय बासिन्दाको आम्दानीको अन्य स्रोतहरुमा व्यापार, नोकरी, उद्योग साथै वैदेशिक रोजगारी पनि हो । परम्परागत प्रणालीको कृषि ब्यवसायको विकल्प खोजिरहेका यहाँका बासिन्दा आधुनिक जीवनशैलीमा रमाउन थालेका छन् । स्थानीय जनशक्ति मजदुरी तथा अध्ययनका लागि विदेशिने क्रम क्रमशः बढिरहेको छ । यस गाउँपालिका आधारभूतदेखि माध्यमिक शिक्षासम्म प्रदान गर्ने शैक्षिक संस्थाहरु रहेका छन् भने उच्च शिक्षा विकासको पहल भैरहेको छ । यस गाउँपालिकामा सामुदायिक र संस्थागत गरी ६ वटा माध्यामिक तहका विद्यालय र २९ वटा आधारभूत तहका विद्यालय गरी जम्मा ३५ वटा शिक्षण संस्थाहरु संचालित छन् । विगत लामो समयसम्म स्थानीय निकायमा

जनप्रतिनिधिको अभाव, योजनावद्ध विकास कार्यक्रम कार्यान्वयनमा कठिनाई तथा आवश्यक आर्थिक व्यवस्थापनमा कठिनाई हुनुले यस गाउँपालिका क्षेत्रको अपेक्षित विकास हुन सकिरहेको देखिँदैन । तथापि विगत २ वर्ष पहिले भएको स्थानीय तहको निर्वाचन पश्चात् जनप्रतिनिधिहरुके बहाली भए सगैं विकास तथा सेवा प्रवाहमा जन अपेक्षाहरु सम्वोधन हुने र नागरिकका माग र आवश्यकताहरुका तत्काल सम्वोधन  हुने सम्भावना बढेर गएको छ भने जनताका आशाका किरणहरु फैंलिदै गएका छन । विकासको लहर बढेर गएको छ । विभिन्न समुदाय, जातजातिका मानिसको बसोबास रहेको यस गाउँपालिकामा विभिन्न चाडपर्व मनाउने गरिन्छ । दशैं, तिहार, माघी, होली, गौरा, कृष्णजन्माष्टमी, महाशिवरात्री, साउने र माघे संक्रान्ति, चैते दशै, बकर इद, बुद्ध जयन्ती आदि यहाँका चाडपर्व आफ्नो धर्म अनुसार मनाउने गरेको पाईन्छ ।

## ४.१ त्रिवेणी गाउँपालिकाको राजनैतिक सिमाना विभाजन

संघीय मामिला तथा स्थानीय विकास मन्त्रीको संयोजकत्वमा गठित समितिले मिति २०७३/११/२० मा पेश गरेको प्रतिवेदनको आधारमा नेपाल सरकारले मिति २०७३/११/२२ मा साविकका काभ्रा, काँरागिठी, फलावाङ र त्रिवेणी गा.वि.स.लाई समावेश गरि त्रिवेणी गाउँपालिका घोषणा गरिएको हो । साविकको त्रिवेणी र फलावाङ गा.वि.स.को मिलन बिन्दु र हाल त्रिवेणी गाउँपालिकाको केन्द्र रहेको लुहाम बजार नजिकै त्रिवेणीधाम अवस्थित छ । यस क्षेत्रको पवित्र धामको रुपमा रहेको यसै त्रिवेणीधामबाट यस गाउँपालिकाको नामाकरण गरिएको हो । त्रिवेणी गाँउपालिकाको संरचना अनुसारको वडा विभाजन तलको तालिकामा उल्लेख गरिएको छ ।

त्रिवेणी गाउँपालिकाको वडा विभाजन

| समावेश भएका साविक गा.वि.स. | साविक वडा नं. | कायम भएको वडा नं. |
|---|---|---|
| काभ्रा | १–९ | १ |
| काँरागिठी | १–९ | २ |
| फलावाङ | १–५ | ३ |
| फलावाङ | ६–९ | ४ |
| त्रिवेणी | १–६ | ५ |
| त्रिवेणी | ७–९ | ६ |

स्रोतः संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, काठमाडौं, नेपाल

### ४.२ त्रिवेणी गाउँपालिकाको जनसंख्या

| महिला | पुरुष | जम्मा |
|---|---|---|
| ८७४६ | ७९१८ | १६६६४ |

### ४.३ त्रिवेणी गाउँपालिकामा रहेका शैक्षिक संस्थाहरुको विवरण

| विवरण | सामुदायिक | संस्थागत | कुलजम्मा |
|---|---|---|---|
| प्राथमिक विद्यालय | १७ | २ | १९ |
| आधारभुत विद्यालय | ५ | २ | ७ |
| माध्यामिक विद्यालय | ६ | १ | ७ |
| जम्मा | २८ | ५ | ३३ |
| प्राविधिक शिक्षालय | १ | | १ |
| क्याम्पस | ० | | ० |

### ४.४ त्रिवेणी गाउँपालिकामा रहेका स्वास्थ्य संस्थाहरुको विवरण विवरण

| विवरण | संख्या | जम्मा |
|---|---|---|
| स्वास्थ्य चौकी | ४ | ४ |
| प्रसुति केन्द्र | ६ | ६ |
| आधारभुत स्वास्थ्य केन्द्र | २ | २ |
| गाउँघर क्लिनिक | २३ | २३ |
| खोप केन्द्र | २५ | २५ |
| आर्युवेद औषधालय | - | - |
| आधारभुत अस्पताल | - | - |
| सामुदायिक स्वास्थ्य ईकाई | - | - |

### ५. त्रिवेणी गाउँपालिकामा बालविवाहको अवस्थाः

कर्णाली प्रदेशमा रहेको सल्यान जिल्लाको त्रिवेणी गाउँपालिकामा बालविवाह गम्भीर समस्याका रुपमा देखिएको छ। आर्थिक अवस्था मध्यम रहेको त्रिवेणी .गाउँपालिकामा जनजाति, क्षेत्री,ब्राहमन र दलितको मुख्य बसोबास रहेको छ। त्रिवेणी गाउँपालिका र दलित विकास समाज सल्यानको आर्थिक सहयोगमा त्रिवेणी गाउँपालिका महिला बालबालिका तथा ज्येष्ठ नागरिक इकाईले वि.सं.२०७९ फागुन देखि २०८१ पुस मसान्त सम्म बाल विवाह सम्बन्धी गरेको सर्वेक्षण अनुसार यस गाउँपालिकामा २३७ जोडि बाल विवाहको तथ्याकं रहेको छ ।

| त्रिवेणी गाउँपालिकाको २०७९ देखी २०८१ फागुन मसान्त सम्मको वडागत बाल बिबाहको तथ्याङ्क | | | | | |
|---|---|---|---|---|---|
| **वडा** | **जनसंख्या** | **उमेर पुगेको बिबाह** | **बाल विवाह** | **जम्मा बिबाह** | **बालबिबाह प्रतिशत** |
| १ | ३५८४ | ७८ | ५८ | १३६ | ७८.८८ |
| २ | २५३६ | ७४ | ३३ | १०७ | ३५.३१ |
| ३ | ३४९० | ९४ | ५६ | १५० | ८४ |
| ४ | १९९० | ४१ | ३० | ७१ | २१.३ |
| ५ | २२६४ | ६० | ४७ | १०७ | ५०.२९ |
| ६ | २८०० | ४८ | १३ | ६१ | ७.९३ |
| | १६६६४ | ३९५ | २३७ | ६३२ | |

**बालबिबाहको लैङ्गिक तथा जातती गत विवरणः**

| लैङ्गिक विवरण | | जातजातीगत विवरण | | | |
|---|---|---|---|---|---|
| महिला | पुरुष | दलित | जनजाती | अन्य | |
| १२२ | ११५ | ६० | १११ | ३०३ | |

**उक्त अध्ययनबाट बालबिबाह सम्बन्धि निम्नानुसारको अवस्था देखा परेको छ ।**

क. वालविवाहको उमेरगत विश्लेषण गर्दा यस गाउँपालिकामा १४ वर्षदेखि नै बालविवाह भएको भएपनि बढी जसो बालविवाह १७, १८ र १९ वर्षको उमेरमा भएको देखिन्छ ।

ख. गाउँपालिकामा धेरै जसो मानिसहरुलाई कानुनी उमेर थाहा भएको छ भने केहि जनालाई बाल विवाह बारे जानकारीनै नभएको पाइएको छ ।

ग. ८० जनाले बालविवाह भएपछी भइसकेपछि उजुरी दिने चलन नभएको, ३० जनाले उजुरी दिने चलन भएको र १० जनाले कसै कसैले उजुरी दिने गरेको बताएका थिए भने त्यस मध्येमा केहिले उक्त विषयमा चासो नभएको बताएका थिए ।

## ५.१. त्रिवेणी गा.पा.मा बाल विवाह हुनुका मुख्य कारणहरु

त्रिवेणी गाउँपालिकामा बालविवाह विद्यमान रहनुमा धेरै कारणहरु छन् भने परिणामको रुपमा बालबालिकाको अधिकार हनन्, बाल शोषण, सामाजिक, आर्थिक परिस्थितिमा नकारात्मकता र देशका भावी कर्णधारहरुको उचित शिक्षा दिक्षा नहुनु रहेको छ ।

बालविवाहको अवस्था अध्ययनका लागि गरेको सर्भेक्षण, लक्षित समूह छलफल, सरोकारवालाहरु सँगको छलफल तथा अन्तरक्रिया मुख्य व्यक्तिहरुसँग गरिएको अन्तरवार्ता र स्रोत सामग्रीहरुको अध्ययनबाट प्राप्त नतिजालाई विश्लेषण गर्दा यस त्रिवेणी गाउँपालिकामा गरिबी, अशिक्षा, आधुनिक सामाजिक संजालको गलत प्रयोग, केही परम्परागत मूल्य मान्यताहरुका कारण र चेतनाको कमिलाई बालविवाहका मुख्य कारणको रुपमा लिइएको छ। यसका अतिरिक्त त्रिवेणी गा.पा.मा बालविवाह हुनुका मुख्य कारणहरुलाई बुदाँगत रुपमा तल प्रस्तुत गरिएको छः

क. अभिभावकहरुले बालबालिका प्रति चासो तथा निगरानी नराख्नु ।
ख. परिवारको आर्थिक अवस्था कमजोर, गरिबी र अज्ञानताका कारण ।
ग. बालबालिकाहरुलाई एक्लै घरमा छोडेर अभिभावकहरु रोजगारीका लागि भारत लगायतका तेस्रो मुलुक जानु ।
घ. साथीहरुको लहैलहैमा लाग्नु र साथीहरुको देखा सिकी गर्नु ।
ङ. बालविवाह दण्डनीय अपराध भएको बारेमा जनचेतनाको कमी ।
च. उमेर नपुग्दै हुने विवाहबाट हुन सक्ने हानी र थप समस्याको बारेमा जानकारीको कमी ।
छ. बालबालिका सम्बन्धी विद्यमान नीति, कानुन र रणनीतिको प्रभावकारी कार्यान्वयन नहुनु ।
ज. अभिभावकहरुमा अभिभावकत्व र जनचेतनाको कमी ।
झ. किशोरकिशोरीमा अपरिपक्वता, शारिरिक र मानसिक परिवर्तन सम्बन्धि ज्ञान नहुनु ।
ञ. किशोर किशोरी मैत्री स्वस्थ्य सेवा प्रदान नहुनु ।
ट. आधुनिक सामाजिक सञ्जालका साथै मोबाइल फोनको गलत प्रयोग ।
ठ. विवाह सम्बन्धी परम्परागत गलत संस्कार तथा मान्यताहरु ।
ड. बालबिबाहले पार्ने दिर्घकालिन असरको बारेमा ज्ञान नहुनु ।
ढ. पारिवारिक दबाव ।
ण. पारिवारिक माया ममताको अभाव ।
त. समुदायमा बालमैत्री व्यवहार हुन नसक्नु ।
थ. बालबालिका तथा किशोरकिशोरीहरुमा प्रजनन तथा यौन शिक्षाको अभाव ।
द. विद्यालयमा अध्ययन कमजोर हुनु र विद्यालय छोड्नु ।

## ६. बाल विबाह अन्त्यको लागि रणनीतिक योजनाको आवश्यकता र औचित्य

नेपालको संविधानले महिला र बालबालिका सम्बन्धी हकलाई मौलिक हकको रुपमा स्थापित गरेको छ र बालबालिकालाई बालविवाह, गैरकानुनी ओसारपसार, अपहरण र बन्धक राख्न नपाइने र महिला विरुद्ध धार्मिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिसांजन्य कार्य वा शोषण नगरिने, त्यस्तो कार्य कानुन बमोजिम दण्डनीय हुने र पीडितले कानुन बमोजिम क्षतिपूर्ति पाउने हकको संवैधानिक सुनिश्चितता गरेको छ।यसैगरी नेपाल सरकारले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा दिगो विकासका परिलक्ष्यहरु हासिल गर्न गरेका प्रतिबद्धता अनुसार सरकारी र गैरसरकारी क्षेत्रबाट विभिन्न प्रयासहरू भइरहेका छन्। यस सन्दर्भमा बालबालिकाको स्वास्थ्य, शिक्षा र सहभागिताको स्थितिमा क्रमिक रुपमा सुधार हुदै गएता पनि विभिन्न कारणले बालबालिका तथा किशोरकिशोरीहरुले बालविवाह पश्चात्भोग्नु परेका समस्या र जोखिमको तुलनामा नीतिगत, कार्यगत तथा संस्थागत प्रयासहरू अपर्याप्त देखिएका छन्। गरिवी, अशिक्षा, सामाजिक सञ्जालको दुरुपयोग, हानिकारक सामाजिक मूल्यमान्यता, परम्परा र संस्कार, लैंगिक हिंसा, पारिवारिक दुर्घटना र बालबालिका विरूद्ध बढिरहेका हिंसा, शोषण तथा दुर्व्यवहारका घटनाहरूले समग्र विकास प्रक्रियालाई नकारात्मक प्रभाव पारेका छन्। बालविवाह अन्त्यको लागि राष्ट्रिय रणनीति, २०७२ ले बालविवाहलाई अन्त्य गर्न स्पष्ट रणनैतिक कार्यदिशा प्रदान गरेको छ।जसमा प्रत्येक रणनीतिको लागि विशिष्ट रणनैतिक उपायहरुको बारेमा उल्लेख गरेको छ । सो राष्ट्रिय रणनीतिले तय गरेका लक्ष्य र उद्देश्यलाई पूरा गर्न हालसम्म सल्यान जिल्लाका नगरपालिका र गाउँपालिकामा यस प्रकारको कुनै पनि कार्य योजना निर्माण

भइ नसकेको अवस्थामा त्रिवेणी गाउँपालिकाले बालविवाह अन्त्यको लागि रणनैतिक योजना निर्माण गर्ने आवश्यकता महसुस गरी बालविवाह न्यूनीकरण सम्बन्धी पञ्च वर्षीय रणनीतिक योजना (वि.सं.२०८२–२०८७) निर्माण गरेको छ।

त्रिवेणी गाउँपालिकामा बालविवाह अन्त्य गर्न यो रणनीति तय गरिएको हो । बालविवाह मुक्त वडा घोषणा गर्दै त्रिवेणी गाउँपालिकालाई बालविवाह मुक्त गाउँपालिका बनाउन यो रणनीतिले सहायक भूमिका खेल्ने छ । बालविवाह न्यूनीकरणका लागि रणनीति योजनाको औचित्यलाई यसरी प्रष्ट पार्न सकिन्छ ।

६.१ बालविवाह कानुनी रुपमा दण्डनीय अपराध भएता पनि त्रिवेणी गाउँपालिकाले बालविवाह अन्त्य गर्न सकेको छैन।नेपालको संविधान २०७२ ले बालविवाह बन्देज गरेको हुँदा बालविवाह अन्त्यका लागि प्राथमिकताका साथ कार्यक्रम केन्द्रित गर्न आवश्यक छ ।

६.२ बालविवाहलाई सम्बोधन गर्ने विषय बहुपक्षीय भएको हुँदा संघ, प्रदेश र स्थानीय सरकारका साथै सरकार सम्बद्ध निकाय, विकासका साझेदार, गैरसरकारी संस्था तथा नागरिक समाज र स्वयं बालबालिकाको अर्थपूर्ण एवं सक्रिय सहभागिता आवश्यक पर्ने भएको हुदा दातृनिकायहरुबीचको सहकार्य र समन्वयबाट एकीकृत रुपमा प्रयास केन्द्रित गर्न आवश्यक छ ।

६.३ स्थानीय तहमा बालविवाहको अन्त्य गर्ने र बालविवाहको कारणबाट विभिन्न जोखिम र हिंसामा परेका विवाहित र अविवाहित बालबालिका र किशोरकिशोरीलाई आफ्नो पूर्ण क्षमताको प्राप्ति र उपयोगका लागि सक्षम बनाई जीवनमा सकारात्मक परिवर्तन ल्याउनका साथै यस गाउँपालिकाको विकासमा उनीहरुको समान सहभागितालाई सुनिश्चित गर्नुपर्ने आवश्यकता रहेको छ ।

६.४ सन् २०३० सम्ममा नेपाललाई बालविवाह मुक्त देश घोषणा गर्ने लक्ष्यका साथ बनेको बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, २०७२ सफल पार्नका लागि तत्अनुसारको स्थानीय रणनीति बनाई राष्ट्रिय रणनीतिलाई औपचारिक रुपमा कार्यान्वयनमा ल्याउन नितान्त आवश्यक छ ।

६.५ बालविवाहलाई केन्द्र विन्दुमा राखी एकीकृत र सम्पूर्ण सरोकारवाला सहयोगी संस्था तथा निकायहरुको साझेदारीमा क्रियाकलाप संचालन गर्न आवश्यक छ ।

६.६ गाउँपालिकालाई प्राप्त स्वायत्तताको अधिकारलाई अवसरका रुपमा बालविवाह अन्त्यका लागि सदुपयोग गरी आफ्नै अगुवाईमा नीति कार्यक्रमहरु निर्माण गर्न जरुरी छ । त्यसको लागि साधन र श्रोतको पहिचान गरी उपलब्ध स्रोत र साधनको प्रभावकारी परिचालन मार्फत बालविवाहको अन्त्य गरी बालबालिकाको सर्वोत्तम हित सुनिश्चत गर्न आवश्यक छ ।

६.७ यस गाउँपालिकालाई बालविवाह लगायत सबै प्रकारका बालशोषण तथा दुर्व्यवहारबाट मुक्त बनाउन सबै सरोकारवालालाई प्रतिबद्ध बनाउन आवश्यक छ ।

### ७. बालविवाह अन्त्यका लागि रणनीतिक योजना तर्जुमा प्रक्रियाः-

बालविवाह अन्त्यका लागि स्थानीय रणनीति २०८२ को मस्यौदा तयारीका लागि त्रिवेणी गाउँपालिका स्तरीय एक मस्यौदा समितिको गठन गरिएको थियो । बाल विवाह विरुद्धको साझा अभियान, क्याक्मा र गाउँपालिका कार्यालयको आर्थिक तथा प्राविधिक सहयोग तथा महिला बालबालिका तथा ज्येष्ठ नागरिक इकाईको कार्यान्वयनमा यो रणनीति तयार भएको हो। घरधुरी सर्भेक्षणबाट प्राप्त तथ्याङ्कहरु, सरोकारवालाहरुसँग गरिएको छलफल तथा अन्तरक्रियाबाट प्राप्त सुझाव तथा पृष्ठपोषण, लक्षित समूह छलफल (बालक्लब, समुदाय, बाल संरक्षण समिति आदि) बाट प्राप्त नतिजा र सहायक सन्दर्भ

सामग्रीहरुलाई यो रणनीति तर्जुमाको आधार लिइएको छ ।यो रणनीति तयार पार्न तपसिलको प्रक्रिया अपनाइएको थियो।

(क) तयारी तथा समन्वय वैठक

(ख) अबधारणा पत्र निर्माण

(ग) गाउँपालिका स्तरमा एक रणनीति मस्यौदा समिति गठन ।

(घ) डेस्क रिभ्यु

(ङ) सुचना निर्माणको लागि प्रश्नावली र चेकलिस्ट तयार

(च) अध्ययन क्षेत्र र सुचना संकलन बिधि छनोट

(छ) सरोकारवाला निकायहरु (कार्यपालिकाका सदस्य, वडा अध्यक्ष, विद्यालयका प्रधानाध्यापक, स्वास्थ्य संस्थाका प्रमुख, बाल समूह, स्थानीय प्रहरी निकाय, दलित विकास समाज) लगायतका प्रतिनिधिहरुको सक्रिय सहभागितामा प्रारम्भिक कार्यशाला गोष्ठी, अन्तरक्रिया तथा छलफल ।

(ज) बालक्लब, बाल संरक्षण समिति र लक्षित समूहसँग छलफल र अन्र्तक्रिया संचालन ।

(झ) प्रारम्भिक गोष्ठीमा गाउँपालिका क्षेत्रमा बालविवाह हुनुका मुख्य कारण, न्यूनीकरणका उपायहरुको आवश्यक कार्ययोजनाको बारेमा छलफल ।

(ञ) २०७९ बैशाख देखि २०८१ चैत्र मसान्त सम्ममा विवाह गर्ने व्यक्तिको सर्वेक्षण गरी बालविवाह र गैरकानूनी विवाह गर्ने जोडीको संख्या पहिचान र विश्लेषण ।

(ट) बालविवाह रणनीतिका उद्देश्यहरुको पहिचान गरी स्रोत र कार्ययोजना तयार साथै सरोकारवाला निकायको भूमिका र जिम्मेवारी बाँडफाड ।

(ठ) गाउँपालिका क्षेत्र भित्रका सबै सरोकारवालासँग समन्वय र सहकार्य गरी बालविवाह अन्त्यका लागि स्थानीय रणनीति मस्यौदा समितिमा छलफल ।

(ड) प्रारम्भिक मस्यौदा लेखन र गाउँपालिका स्तरको रणनीति मसौदा समितिमा पेश र छलफल ।

(ढ) बिषय बिज्ञहरुसग सुझाव संकलन ।

(ण) गाउँपालिका स्तरको रणनीति मसौदा समितिबाट अनुमोदन ।

(त) गाउँपालिकाबाट बालविवाह न्यूनीकरण रणनीति पारित तथा स्वीकृत ।

नेपालले बालअधिकार तथा बाल संरक्षणका लागि अन्तर्राष्ट्रियस्तरमा गरेका प्रतिवद्धता तथा संवैधानिक र कानुनी व्यवस्थाहरु, बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति २०७२ ले राखेको लक्ष्य हासिल गर्न र त्रिवेणी गाउँपालिकाले गरेको प्रतिवद्धतालाई मध्यनजर गर्दै यस त्रिवेणी गाउँपालिकालाई बालविवाह मुक्त बनाउनका लागि बालविवाहको अन्त्य गर्ने प्रतिवद्धताका साथ यो रणनीति तयार गरी पेश गरे बमोजिम मिति २०८२ असार ६ गतेको कार्यपालिका बैठकबाट पारित गरी लागू गरिएको छ ।

### ७.१ बालविवाह न्युनिकरणमा त्रिवेणी गाउँपालिकाको सवल पक्ष, अवसर, चुनौती, समस्या तथा सवालहरु, तथा बालविवाह रोक्नका लागि संचालन गर्नुपर्ने कार्यक्रमहरुः

- बाल विवाह अन्त्यको लागि कार्यदल गठन
- अभिमुखीकरण कार्यक्रम पालिका/वडाहरुमा
- कार्यक्रमको लागि बजटेको व्यवस्था ।
- रणनीतिक योजना निर्माणमा अग्रसरता ।
- कार्यक्रम सञ्चालनको लागि जनप्रतिनिधि/सरोकारवालाको सहभागिता ।

- बाल अधिकार संरक्षण तथा प्रवर्द्धन कार्यविधि हुनु ।
- बाल कल्याण अधिकारीको नियुक्ति
- बाल कोषको स्थापना
- सक्रिय बाल अधिकार समिती
- बाल क्लब/सञ्जाल गठन
- बालबालिकाका क्षेत्रमा काम गर्ने संघ संस्थाहरु हुनु

### ७.१.१ अवसरहरुः

क. मिश्रित सामाजिक परम्परा
ख. परिवर्तनमुखी जनचाहना
ग. विभिन्न सीपमूलक तालिम सञ्चालन
घ. बालविवाहले निम्त्याएको खराब असर बारे सचेतीकरण बिस्तार
ङ. गाउँपालिका बासीहरुको आर्थिक अवस्थामा क्रमिक सुधार
च. पालिका भित्र भेदभाव रहित कानुनी कार्यान्वयन
छ. कानुन नियमन तथा अगुनगमनको क्रियाशिलता
ज. गाउँपालिका बासी प्रति राज्य, सरकारी तथा गैरसरकारी संस्थाहरुको सकारात्मक सद्भाव र सहयोग ।
झ. दिगो बिकास लक्ष्य बाल बिबाह अन्त्यका लागि कर्णाली प्रदेस सरकारले पालिका सगको सहकार्यमा अन्त्य गर्ने भनेर आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रममा समाबेस
ञ. बाल बिवाह अन्त्यका लागि साझेदारहरुको उपलब्धता
ट. बाल बिबाहको मुद्दा रिपोर्टिंगमा बृदि
ठ. बालिकाको शिक्षाको पहुँचमा वृद्धि

### ७.१.२ चुनौतीहरु

क. सामाजिक तथा धार्मिक मूल्य मान्यताहरु (मेलाजात्रा, मगनी, कन्यादान, मौसमी)
ख. बेरोजगारी, अशिक्षा, चेतनास्तरमा कमी
ग. सञ्चार माध्यमको दुरुपयोग (फेसबुक, युट्युब, भाईबर, ट्वीटर, मोबाईल)
घ. राजनैतिक हस्तक्षेप
ङ. वर्तमान कानुन प्रभावकारी कार्यान्वयन नहुनु।

### ७.१.३ त्रिवेणी गाउँपालिकामा बालविवाह न्युनिकरनामा देखिएका समस्या तथा सवालहरुः

क. बाल बिबाह समाजमा स्वीकार्य
ख. बाल बिबाहको घटना कानूनी प्रक्रियामा अघि नबढ्नु
ग. मादकपदार्थ, लागु पदार्थ, धुम्रपान, नशालु पदार्थको सेवन ।
घ. विद्यालय छोड्ने दर कायमै रहेको र उच्च शिक्षा हासिल गर्ने दरमा गिरावट ।
ङ. महिला हिंसा, सम्बन्ध विच्छेद, बहुविवाह ।
च. शैक्षिक गुणस्तरमा समस्या ।
छ. बृहत यौनिक शिक्षामा कमि ।
ज. बालबालिकामा मोबाइलको पहुँच ।

झ. बालबालिकाहरु आफ्नो भबिष्य प्रति अनबिज्ञ
ञ. बालबालिकाको बिकासमा कम चासो
ट. अभिभावकको कम चासो, बालबालिकाहरुमा निगरानीको कमी ।
ठ. सामाजिक अभियानमा कम चासो।

**७.१.४ बालविवाह रोक्नका लागि गाउँपालिकामा संचालन गर्नुपर्ने कार्यक्रमहरु**

क. बालविवाह न्यूनीकरण सम्बन्धी बालविवाहका असर तथा प्रभावका बारेमा जनचेतनामूलक कार्यक्रम संचालन गर्नुपर्ने ।
ख. राजनीतिक नेतृत्वको प्रतिबद्दता
ग. बालविवाह न्यूनीकरण सम्बन्धी संयन्त्र सक्रिय रुपमा लाग्नुपर्ने।
घ. बालविवाह सम्बन्धी अभिभावक शिक्षा संचालन गर्नुपर्ने ।
ङ. बिद्यालय भन्दा बाहिर रहेका किशोर किशोरीहरुका लागि जीवनउपयोगी सीप प्रदान
च. किशोरकिशोरीमैत्री स्वास्थ्य सेवा प्रदान्
छ. भबिष्यको योजनादर्शी, अभिभावक शिक्षा सञ्चालन
ज. बाल बिबाहको अभियानको नेतृत्व बालबालिकालाई गराउने
झ. कानूनी सचेतना प्रदान गर्ने
ञ. बाल क्लब, किशोरी किशोरी संजाल निर्माण, क्षमता बिकास र परिचालन गर्ने
ट. बालबालिकालाई लागु पदार्थ सेवन र ओसारपसार गर्नबाट टाढै राख्नुपर्ने ।
ठ. कानुनको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने।

## ८. बालबिबाह अन्त्यको रणनीतिका सिद्धान्तहरूः

### ८.१ समानताको अधिकारः

प्रत्येक बालबालिकालाई उसको लिङ्ग, धर्म, उमेर, जातीयता, सामाजिक—आर्थिक स्तर, क्षमता, वर्ण, वैवाहिक स्थिति र संस्कृतिको आधारमा भेदभाव बिनाको समान अधिकार हुनुपर्दछ ।

### ८.२ बालबालिकाको सर्वोत्तम हितः

बालबालिकाको विषयमा कुनै पनि निर्णय गर्दा उनीहरूको सर्वोत्तम हित सुनिश्चित गर्नुपर्छ ।

### ८.३ बालबचाउ र विकासः

प्रत्येक बालबालिकालाई सबल र उपयुक्त वातावरणमा हुर्किन उच्चत्तम स्तरको जीवनयापन गर्न पाउने अधिकार हुनुपर्दछ

### ८.४ संरक्षणः

बालविवाह, बेचविखन तथा ओसारपसार जस्ता हानिकारक अभ्यास लगायत सबै प्रकारका दुर्व्यवहार, हिंसा तथा शोषणबाट बालबालिका संरक्षित हुनुपर्दछ ।

### ८.५ अर्थपूर्ण सहभागिताः

बालबालिकासँग सरोकार राख्ने सबै विषयमा उमेर र परिपक्वता अनुरुप उनीहरूको कुरा सुन्ने र विचार व्यक्त गर्ने अवसर दिनुपर्छ । बालबालिका र खासगरी बालिकाहरूको सशक्तिकरणले विवाह लगायत सबै निर्णय प्रक्रियामा सहभागिता वृद्धि भएको छ ।

## ८.६ राज्यको दायित्वः

नेपालको संविधान, दिगो विकासका कार्यसूची (२०१६—२०३०) का साथै अन्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धता अनुसार बालअधिकार उल्लङ्घनको कारकतत्वको रुपमा रहेको बालविवाह रोकथाम तथा न्यायमा पहुँचको लागि राज्यको क्रियाशीलता बढाउनुपर्ने अवस्था छ ।

## खण्ड ख

**९. परिकल्पना**

बालमैत्री, लैङ्गिकमैत्री र समृद्धिमूलक समाजको स्थापना गर्ने ।

**१०. दूरदृष्टि**

बाल विवाह मुक्त त्रिवेणी गाउँपालिका निर्माण गर्ने।

**११. ध्येय**

समानता तथा सामाजिक समावेशीकरणको माध्यमबाट बालमैत्री समाजको निर्माण गरी बालविवाह मुक्त समाजको स्थापना गर्ने ।

**१२. लक्ष्य**

त्रिवेणी गाउँपालिकामा वि.सं. २०८७ साल सम्म बालविवाह अन्त्य गरी बालअधिकारको सुनिश्चितता गर्ने।

**१३. नारा**

**"त्रिवेणी गाउँपालिकाको सानः बालविवाह मुक्त हाम्रो अभियान"**

**१४.रणनीतिका उद्देश्यहरु**

क. त्रिवेणी गाउँपालिकाको वार्षिक योजना तथा कार्यक्रमहरुमा बालविवाह विरुद्धका कार्यक्रमहरुलाई प्राथमिकताका साथ समावेश गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने

ख. बालविवाह विरुद्धमा बालबालिका, किशोरकिशोरी आदिको क्षमता विकास, समूह निर्माण स्वपरिचालन गर्ने

ग. अभिभावक, शिक्षक, धार्मिक गुरु, अगुवा, युवा समूह, आमा समूह र राजनीतिक दललाई बाल बिबाह बिरुद्दको अभियानमा अग्रसर बनाउने

घ. बालविवाह अन्त्यका लागि विद्यमान कानूनको प्रभावकारी कार्यान्वयन गर्न बालसंरक्षण संयन्त्रहरुको विकास गर्ने

ङ. बालबालिका माथि हुने भेदभाव, शोषण, कुटपिट, हिंसा, दुर्व्यवहारबाट सुरक्षित राख्न बालमैत्री वातावरणको संयन्त्रको विकास गर्ने

च. विशेष स्याहारको आवश्यकता भएका बालबालिकाको लागि शिक्षा, सुरक्षा, आबास,स्वास्थ्य, मनोसामाजिक सेवा, न्याय लगायतका सेवा सुविधाको सुनिश्चितता गर्ने।

छ. स्थानीय सरकार, प्रदेस सरकार तथा संघिय सरकार र विकासका साझेदार संस्थाहरू तथा स्थानीय बालसंरक्षण संयन्त्रहरुको सहकार्यमा बालविवाह अन्त्यका लागि श्रोतको पहिचान, विनियोजन र प्रभावकारी परिचालन गर्न संस्थागत क्षमता अभिबृद्धि गर्ने

ज. बालबालिकालाई कानुनले प्रदान गरेको अधिकार प्रदान गर्न र उनीहरुलाई दायित्वका बारेमा जानकारी दिन

झ. प्रत्येक बालबालिकाको भविष्यको लक्ष्य निर्धारण र लक्ष्यको तयारीको मार्गमा समय बिताउने वातावरण सृजना गरी बालबिबाह अन्त्य गर्ने

ञ. बाल विवाह अन्त्यका लागि प्रभाबकारी रुपमा कार्यक्रम संचालन र संचालित कार्यक्रमहरुको अनुगमन तथा मूल्यांकन गर्न ।

## १५. मुख्य रणनीतिक कार्यहरु

बालविवाह न्युनिकरण गर्दै यसको अन्त्यका लागि देहाय बमोजिमका रणनीतिहरु अवलम्बन गरिनेछः

### १५.१ बालिका र किशोरीको सशक्तिकरण

बालिका र किशोरीहरुको लागि गुणस्तरीय स्वास्थ्य र शिक्षाको सुःनिश्चितता कार्य क्षेत्र अन्तर्गत यस गाउँपालिकामा देखापरेका समस्याहरूको समाधानका साथै बालविवाह न्युनिकरण र अन्त्यका लागि देहाय बमोजिमका रणनीतिहरु अवलम्बन गरिनेछ;

क. सशक्तिकरणका गतिविधिको माध्यमबाट विवाहको कानुनी उमेर, बाल विवाहको नकारात्मक असरहरूबारे आमाबाबु र परिवारका अन्य सदस्यहरूसँग छलफल गरी बालिका र किशोरीको स्वनिर्णय गर्ने क्षमता र सीपको विकास गर्ने ।

ख. बालविवाह विरुद्ध सामुहिक पहलका लागि बालिका र किशोरीलाई समूह (बालक्लव, किशोरी समूह, बालसंरक्षण समिति) मा आबद्ध गरी उनीहरुको स्वपरिचालन गर्ने

ग. बालविवाह अन्त्यका लागि विद्यमान कानूनको प्रभावकारी कायान्वयनको संयन्त्रहरूको विकास गर्ने ।

घ. बाल बिबाहको जोखिममा रहेका किशोरीहरुलाई आर्थिक एवं सामाजिक अवसरहरु सिर्जना गर्ने ।

ङ. बालिका, किशोरी तथा महिला विरुद्धको सबै प्रकारका भेदभावको अन्त्य गर्ने ।

च. बालवालिकाहरूलाई शिक्षा, आर्थिक आयआर्जन तथा रोजगारीतर्फ उन्मुख गराई आत्मनिर्भर भएपछि मात्र स्वनिर्णयको आधारमा बिवाह गर्न अभिप्रेरित गर्ने ।

छ. बालसंरक्षण समिति मार्फत समुदायमा किशोर किशोरीहरुलाई सचेतना गरी विवाहको कानूनी उमेर, बालविवाहको नकारात्मक असर, यौन तथा प्रजनन स्वास्थ्य लगायत लैंगिक समानता हरू बारेमा सचेत गराई, आमाबाबु र परिवारका अन्य सदस्यहरूसँग छलफल गरी स्वनिर्णय गर्ने क्षमता र सीपको विकास गर्ने

### १५.२ बालिका र किशोरीहरुको लागि गुणस्तरीय शिक्षा र स्वास्थ्य

क. विद्यालयहरूमा बालिकाहरूका लागि बालिकामैत्री र गुणस्तरीय शिक्षा सुनिश्चित गराउने।

ख. विद्यालय, बालक्लब, खेलकुद र विद्यालयको अतिरिक्त क्रियाकलापमा बालिकाहरूको समान सहभागिताको सुनिश्चतता गर्ने ।

ग. भविष्यमा जीवन वृत्तिका लागि आवश्यक पेशा र उद्यमशीलतासँग सम्बधित सूचना तथा जानकारीमा बालिकाहरूको पहुँच सुनिश्चित गर्ने ।

घ. विद्यालयहरूमा बालिकामैत्री वातावरण र त्यसको प्रभावकारी व्यवस्थापन तथा जवाफदेहिता सुनिश्चित गर्न शिक्षक, कर्मचारी तथा व्यवस्थापन समितिका पदाधिकारीहरूलाई बालमैत्री शिक्षण सिकाइ तालिम प्रदान गर्ने ।

ङ. विद्यालयको व्यवस्थापन समितिले गर्ने निर्णय प्रक्रियामा बालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने ।

च. बालिकाहरूलाई अध्ययन छोड्न बाध्य पार्ने परम्परागत हानिकारक अभ्यास हरूको विरुद्ध बालिका तथा किशोरीहरुको नेतृत्वमा जनचेतनामूलकअभियान संचालन गर्ने।

छ. छात्राहरुका लागि विद्यालयको वातावरण एवं पूर्वाधार सुरक्षित, सफा र लैंगिक मैत्री भएको सुनिश्चित गर्ने ।

ज. बालविवाह र लैङ्गिक हिंसाको जोखिममा रहेका बालिकाहरूलाई परिवार तथा विद्यालयमा मनोसामाजिक विमर्श सेवाको सुनिश्चितता गर्ने ।

झ. विवाहित बालिकाहरूको विद्यालय शिक्षाको निरन्तरताको लागि आवश्यकतानुसार वैकल्पिक अध्ययनको अवसर प्रदान गरी उनीहरूलाई औपचारिक शिक्षामा सम्मिलित गराउने ।

ञ. बालबालिकालाई यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी सूचना तथा सेवा वारे सुसूचित गर्न स्थानीय स्वास्थ्य संस्था सँग समन्वय र सहकार्य गर्ने। विद्यालयमा सेनेटरी प्याडको व्यवस्था गर्ने ।

ट. बालविवाह, शोषण न्यूनीकरण गर्नका लागि बालसंरक्षण नीति र आचारसंहिता तयारी र पालना गर्ने।

## १५.३ बालक, किशोर तथा पुरुषहरूको सहभागिता

क. बाल अधिकार, लैङ्गिकता, यौनिकता, यौन तथा प्रजनन स्वास्थ्य तथा अधिकारका साथै बाल विवाहका विषयमा सचेतना अभिबृद्धि गरी बाल विवाह, लैङ्गिक बिभेद र पितृसत्तात्मक सोच अन्त्य गर्ने कार्यमा पुरुष तथा बालकको सहभागिता सुनिश्चितता गर्ने ।

ख. बाल विवाह गर्ने, गराउने, प्रोत्साहन गर्ने, बाल विवाह मा सहभागी हुने तथा दाइजो, जस्ता प्रचलित हानिकारक प्रथालाई सामाजिक मर्यादा विपरीतको कार्यको रुपमा निरुत्साहन गर्ने सामुदायिक जवाफदेहिताको सुनिश्चितता गर्ने ।

ग. बाल विवाहबाट सृजित लैङ्गिक हिंसाको विरुद्धमा पुरुष तथा बालकहरूमा कानुनी सचेतना अभिबृद्धि गर्ने ।

घ. बालविवाह, लैंगिक विभेद र पितृसत्तात्मक सोचहरूमा परिवर्तन ल्याउनका लागि यस विरुद्धमा सामाजिक सचेतना अभिवृद्धि गर्न धार्मिक संस्था, धर्मगुरुहरू, ज्योतिष, धामी झाँक्री लगायत सामाजिक अगुवाहरूको सक्रिय सहभागिता सुनिश्चित गर्ने, उनीहरुसँग अन्तरक्रिया गर्ने र उनीहरुबाट लिखित प्रतिबद्धता लिने (धामी, पुरोहित, पुजारी) ।

ङ. बाल बिबाह बिरुद्द अभियान संचालन गर्न किशोरहरुको समुहलाई परिचालन गर्ने ।

## १५.४ परिवार र समुदायको परिचालन

क. समुदायमा रहेका विभिन्न अभिभावक

ख. समूह, आमा समूह, उपभोक्ता समूह, किशोरी समूह, महिला समूह लगायत समाजिक अगुवाहरूको सहभागितामा बालविवाह विरुद्धको अभियान संचालन गर्ने ।

ग. असल अभिभावकत्व सम्बन्धी ज्ञान, सीपको विकास गरी परिवार तथा समुदायमा अन्तरपुस्ता संवादको माध्यमबाट बालविवाह निषेध गर्न प्रोत्साहन गर्ने ।

घ. सामाजिक संजालहरुमा धार्मिक व्यक्तित्वहरू, ज्योतिष, पुरोहित, धामीझाँक्रीको सहभागिता सुनिश्चित गरी बालविवाहका विरुद्धमा परिचालन गर्ने ।

ङ. छोरा र छोरी बीचको विभेद लगायत समाजमा रहेका हानिकारक सामाजिक मान्यताहरूलाई निरुत्साहन गरी बालविवाह विरुद्धका विषय स्थानीय विकास तथा सामाजिक मूल्यको विषयको रुपमा स्वीकार गरी बालविवाह मुक्त वडा अभियान संचालन गर्ने ।

च. गुणस्तरीय शिक्षा र रोजगारीका अवसरहरूमा पहुँच वृद्धि गरी बालबालिकाको सशक्तिकरण गर्नुका साथै दाइजो प्रथा, लैंगिक हिंसा तथा भेदभाव विरूद्धको सामाजिक प्रवर्द्धन र क्षमतामा अभिवृद्धि गर्ने ।

छ. असहाय, अनाथ र जोखिमको अवस्थामा रहेका बालबालिकालाई संरक्षण तथा सहयोग प्रदान गर्ने समुदायमै संरक्षणको प्रभावकारी व्यवस्था गर्ने। गरिबीको अवस्थामा रहेका तथा बञ्चीतिकरणमा परेका बालबालिकाका अभिभावकहरुलाई विभिन्न आर्थिक स्वरोजगारमूलक तालिम, क्षमता अभिवृद्धि, आर्थिक सहयोग प्रदान गरी सक्षम बनाउने ।

ज. दाइजो लेनदेन नगर्ने तथा बालविवाह नगर्ने, नगराउने अनुकरणीय व्यक्ति, परिवार र समुदायलाई सामाजिक रूपमा सम्मान गर्न प्रोत्साहन गर्ने ।

झ. बालविवाह विरूद्ध समाजमा भएका असल अभ्यासहरूलाई विभिन्न सञ्चार माध्यम र संजाल मार्फत प्रसारण गरी बालविवाह अन्त्यको अभियानलाई सशक्त बनाउने ।

**१५.५ सेवा प्रवाह**

क. बाल प्रोफाइल निर्माण एबम अध्यावधि गर्ने ।

ख. बालविवाहको जोखिममा रहेका विशेषगरी सीमान्तकृत तथा विपन्न समुदायका बालिका र विवाहित बालिका आयआर्जनका अवसरहरू सुनिश्चित गर्ने ।

ग. कर्णाली प्रदेसको बैंक खाता छोरीको सुरक्षा जिबन भरीको कार्यक्रमलाई प्रभावकारिताका साथ कार्यान्वयन गराउने ।

घ. बाल हेल्प लाइन १०९८ सल्यानसँगको सहकार्यमा बालबालिकालाई उद्दार, पुनर्स्थापना, सेफ हाउसका सेवा प्रदान गर्ने ।

ङ. यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी जानकारी तथा सेवा, गर्भनिरोधक साधन, गर्भवती, प्रशव तथा सुत्केरी सेवा, सुरक्षित गर्भपतन, यौनजन्य रोग, एचआईभी लगायत विभिन्न रोगहरुको रोकथाम तथा उपचार सम्बन्धी सेवामा विवाहित तथा बालविवाहको जोखिममा रहेका अविवाहित बालबालिकाको पहुँच सुनिश्चित गर्ने ।

च. बालविवाह, मानव बेचविखन तथा ओसारपसार, लैंगिक हिंसाको जोखिममा रहेका र विवाह भएका बालिकाहरू माथि आउन सक्ने जोखिमको पहिचान गरी कानूनी सेवाको प्रभावकारी कार्यान्वयन गर्ने ।

छ. बाल कोषको स्थापना गरी संचालन गरी कार्यान्वयन गर्ने ।

ज. पारिवारिक र सामाजिक सहयोग सुनिश्चित गर्दै सम्मानजनक जीवनयापन गर्ने वातावरण तयार गरी अविवाहित वाविवाहित बालिकालाई जीवनोपयोगी सीप, आयआर्जन सम्बन्धी ज्ञान सीप र निशुल्क मनोसामाजिक विमर्श र कानूनी परामर्श सेवाको सुनिश्चितता गर्ने ।

झ. बालविवाह तथा लैंगिक हिंसाको जोखिममा रहेका बालिकाहरुको पहिचान र अवस्थाको अनुगमन गरी उपयुक्त सेवाका लागि पहल गर्ने ।

ञ. स्थानीय तह तथा वडा स्तरमा कार्यरत सरकारी तथा गैरसरकारी निकायहरूका कार्यक्रमहरूमा बालविवाह विरुद्धका कार्यक्रमहरूलाई प्राथमिकताका साथ समावेश गर्ने व्यवस्थाको सुनिश्चितता गर्ने।

ट. स्थानीय निकायमा बालविवाह सम्बन्धी जानकारी अध्यावधिक राख्न व्यवस्थापन सूचना प्रणालीको स्थापना र सुदृढीकरण गर्ने।

ठ. पञ्जीकरणको महत्वका बारेमा परिवार र समुदायमा सचेतना अभिवृद्धि र सेवा सुनिश्चतताका लागि सामुदायिक संघसंस्था तथा समूहहरूको क्षमता अभिवृद्धि गरी जन्म, मृत्यु, विवाह एवं बसाई सराई र सम्बन्ध बिच्छेदको कुरालाई वडा कार्यालयमा दर्ता गर्ने प्रक्रियालाई जोड दिने।

ड. बैवाहिक सम्बन्धलाई निरन्तरता दिन नचाहने बालिकाहरूको सम्मानजनक जीवनयापनको लागि पारिवारिक तथा सामाजिक वातावरणको सृजना गर्ने र आवश्यकता अनुसार आश्रयस्थल, कानुनी सेवा, मनोसामाजिक विमर्श, व्यावसायिक तालिम, आर्थिक सशक्तिकरणका अवसरहरू लगायत आवश्यक सहयोग र संरक्षणको सुनिश्चितता गर्ने ।

ढ. बालविवाह सम्बन्धी कानुन कार्यान्वयन गर्ने स्थानीय अधिकारी, न्यायिक र अर्धन्यायिक निकाय लगायत अन्य सरोकारवाला निकायहरूको समन्वय गर्ने ।

ण. विवाहको कानूनी उमेर, सोको उल्लंघन गरेमा हुने सजांय तथा बालविवाह विरुद्ध उपलब्ध हुने कानूनी संरक्षणको व्यवस्था सम्बन्धी जनचेतना जगाउन प्रचारप्रसार गर्ने ।

त. कानूनी उपचार लिन चाहने बालबालिकाहरुले सामना गर्नु परिरहेको कानूनी तथा सामाजिक कठिनाईहरु पहिचान गरी सो निर्मूल गर्न आवश्यक पहल गर्ने।

### १५.६ कानून र नीतिको सुदृढीकरण र कार्यान्वयन

क. बालविवाह सम्बन्धी विद्यमान कानुनी प्रावधानको जानकारी र सचेतना प्रदान गर्ने ।

ख. गाउँपालिकाका जनप्रतिनिधिहरुका लागि लैंगिक हिंसा र बालविवाह सम्बन्धी कानुनी प्रावधान सम्बन्धि अभिमुखीकरण कार्यक्रम तर्जुमा गर्ने ।

ग. बालविवाहबाट प्रभावित तथा बाल यौन दुर्व्यबहारको पिडित बालबालिकाहरुको उद्धार, कानुनी सेवाप्रदान गर्ने ।

घ. लागु औषध विक्री वितरण बालबालिका माथिको प्रयोगमा नियमन गर्ने।

ङ. साइबर अपराधको कानुनका बारेमा बालबालिकालाई सचेत गराउने ।

च. समुदाय तहमा मद्यपान, धुम्रपानजन्य सामग्रीहरुको विक्री वितरण र बालबालिकाको प्रयोगलाई मौजुदा कानुन र निश्चित आचार संहिताका आधारमा नियन्त्रण र नियमन गर्ने वातावरण बनाउने ।

## १६. बालविवाह मुक्त क्षेत्र घोषणा प्रक्रियाका तहगत खुट्किलाहरु

क. बालविवाह अन्त्यका लागि स्थानीय रणनीति कार्यान्वयनका लागि गाउँपालिकास्तरीय समिति गठन।

ख. बालक्लब, बाल संजाल र सामुदायिक संस्थाहरुको गठन तथा परिचालन ।

ग. सरोकारवालाहरुको पहिचान, समन्वय र संजाल निर्माण ।

घ. स्थानीय तहको परिषदबाट बालविवाह न्यूनीकरण र बालविवाह मुक्त क्षेत्र घोषणाका लागि बजेट विनियोजन गर्ने प्रतिवद्धता र कार्यान्वयन ।

ङ. बालविवाह मुक्त क्षेत्र घोषणाका लागि न्यूनतम सेवा सूचकको निर्धारण।

च. बालविवाह अन्त्यका लागि बनेको स्थानीय रणनीतिको अवधारणा, उद्देश्य, लक्ष्य, कार्यान्वयन र विभिन्न पक्षहरुको भूमिका तथा सहयोग सम्बन्धी अभिमुखिकरण र छलफल ।

छ. सरोकारवाला पक्षहरुबाट बालविवाह अन्त्यका लागि एकजुट भएर लाग्ने प्रतिबद्धता घोषणा।

ज. स्थानीय स्तरमा बालसंरक्षण तथा बालविवाह न्युनीकरणका लागि संयन्त्रहरु विस्तार, सबलीकरण र परिचालन ।

झ. बालविवाह अन्त्यका लागि आवधिक तथा वार्षिक योजना/कार्ययोजना तर्जुमा तथा कार्यान्वयन ।

ञ. बालक्लव, किशोरी वा बहिनी समूह र बालसंरक्षण समितिहरुको अगुवाईमा बालविवाह विरुद्धका व्यापक अभियानहरु संचालन ।

ट. बालविवाह अन्त्यका लागि ऐक्यवद्धता, व्यवहारिक सचेतना र सहयोगका लागि हस्ताक्षर संकलन अभियान (Signature Campion) संचालन ।

ठ. अनुगमन, समीक्षा, मूल्याङ्कन र बालविवाह सम्बन्धी स्थिति पत्र (Status Paper) तर्जुमा र सार्वजनिकीकरण ।

ड. बाल क्लव र किशोरी/बहिनी समूहको अगुवाईमा बाल विवाहमुक्त विद्यालय घोषणा ।

ढ. बालविवाह मुक्त गाउँ, वडा र गाउँपालिका घोषणा र यसको निरन्तरता ।

**१७. बालविवाह मुक्त क्षेत्र घोषणाका सूचकहरु**

क. यो रणनीति लागूभए पश्चात बालविवाह मुक्त क्षेत्र घोषणा गर्ने वर्षमा २० वर्ष भन्दा मुनिको विवाह ९० प्रतिशतले कमि भएको हुनु पर्ने ।

ख. कक्षा ५ भन्दा माथिका सम्पूर्ण विद्यालयहरुमा बाल अधिकार तथा बाल संरक्षणका सवालहरुमा सक्रिय रुपमा वकालत गर्दै आएका बालक्लबहरुले वार्षिक योजना बनाई बालबिबाह अन्त्यको लागि अतिरिक्त क्रियाकलापहरुको आयोजना गर्दै गरेको ।

ग. प्रत्येक समुदायहरुमा बालविवाह निगरानी समूहहरुको स्थापना भई सक्रिय (सम्भावित घटना पहिचान, पैरवी, बालविवाह रोक्नको लागि परामर्श र घटना घटिहालेको अवस्थामा उजुरी) रुपमा काम गर्दै आएको हुनु पर्ने ।

घ. प्रत्येक वडाको सार्वजनिक ठाँउमा बालविवाह विरुद्धका सचेतनामूलक होडिङबोर्डहरु राखिएको हुनुपर्नेछ।

ङ. जुनसुकै उमेर र जुनसुकै किसिमका विवाहहरु गर्दा सम्बन्धित व्यक्ति वा निजको परिवारले नजिकको बालक्लब वा बाल अधिकार समितिबाट स्वीकृति वा सिफारिस लिने गरेको।

च. नजिकको स्वास्थ्य संस्थाको तथ्यांक अनुसार २० वर्ष उमेर नपुग्दै पहिलो गर्भ जाँच गराउने र बच्चा जन्माउने आमाहरुको संख्यामा ९० प्रतिशतले कमि रहेको हुनु पर्ने ।

छ. स्थानीय सरकार (गाउँपालिका वा वडा कार्यालयहरु) ले वार्षिक रुपमा बालविवाह न्यूनिकरण शिर्षकमा बजेट विनियोजन गरी नियमित रुपमा कार्यक्रम गर्दै गरेको हुनुपर्ने।

ज. कक्षा ५देखि माथिका विद्यालयहरुले बालअधिकार तथा बालसंरक्षणका निमित्त वार्षिक कार्ययोजनामा बालविवाहलाई केन्द्रविन्दुमा राखी विविध किसिमका अतिरिक्त क्रियाकलापहरु संचालन गर्दै गरेको हुनु पर्ने छ ।

झ. कक्षा ७ देखि १२ सम्म अध्ययन गर्ने सबै बालबालिका बाल बिबाहको सचेतना कार्यक्रमा सहभागी भएको हुनुपर्ने ।

ञ. कक्षा ५ भन्दा माथिका सम्पूर्ण विद्यालयहरुमा एक—एक वटा बहिनी वा किशोरी समूह/ बाल क्लब गठन भई नियमित रुपमा विद्यालय तथा समुदायस्तरमा बालविवाहविरुद्ध सचेतनामूलक क्रियाकलापहरु संचालन गर्दै गरेको हुनु पर्ने ।

ट. समुदाय, वडा तथा गाउँपालिकामा रहेका बाल संरक्षण सम्बन्धी सम्पूर्ण संयन्त्रहरु बालविवाह न्युनिकरणमा क्रियाशिल भएको हुनु पर्ने ।

ठ. सबै राजनैतिक पार्टिहरुले बालविवाह अन्त्यलाई आफ्नो स्थानिय एजेन्डाको रुपमा कार्यान्वयन गरेको हुनुपर्ने ।

## १८.मुख्य क्रियाकलापहरू तथा कार्यान्वयनको योजना

| क्र.सं. | मुख्य क्रियाकलाप | लक्ष्य | | कार्यान्वयन वर्ष | | | | | जिम्मेवारी निकाय | समन्वय तथा सहकार्य | आवश्यक बजेट |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कार्यक्रम संख्या | लाभान्वित संख्या | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | | | |
| | बालिका र किशोरीहरुको सशक्तिकरण | | | | | | | | | | |
| १ | पालिका बाल प्रोफाइल निर्माण | १ | | | ✓ | | ✓ | ✓ | गाउँपालिका कार्यालय | वडा कार्यालय र साझेदारी संस्थाहरु | २००००० |
| २ | बालक्लव, बालिका एबम किशोरी संजाल, गठन, क्षमता बिकास र परिचालन | ६ | | ✓ | ✓ | ✓ | ✓ | ✓ | लैससास शाखा | विद्यालय, वडा कार्यालय र साझेदारी संस्थाहरु | १००००० |
| ३ | बालसंरण समितिको गठन तथा पुर्नगठन र सबलीकरण (समुदाय, विद्यालय, वडा तथा गाउँपालिका स्तरमा) | ६ | | ✓ | ✓ | ✓ | ✓ | ✓ | गाउँपालिका वडा कार्यालय | गा.पा., वडा कार्यालय र साझेदारी संस्थाहरु | १५०००० |
| ४ | किशोरी रुपान्तरण कार्यक्रम संचालन गर्ने | ६ | | | | | ✓ | ✓ | गाउँपालिका वडा कार्यालय | गा.पा., वडा कार्यालय र साझेदारी संस्थाहरु | २००००० |
| ५ | बालिकाको अधिकार सुनिश्चित गर्न विद्यमान बालबालिका सम्बन्धी ऐन कानुनको अभिमुखीकरण कार्यक्रम संचालन | ६ | | ✓ | ✓ | ✓ | ✓ | ✓ | गाउँपालिका वडा कार्यालय | गा.पा., वडा कार्यालय र साझेदारी संस्थाहरु | १०००००० |
| ६ | वाल विवाहविरुद्ध एवं बालिकाको अधिकारबारे सूचना प्रकाशन प्रसारण कार्यक्रम | ६ | | ✓ | ✓ | ✓ | ✓ | ✓ | गाउँपालिका वडा कार्यालय | गा.पा., वडा कार्यालय र साझेदारी संस्थाहरु | ५०००० |
| ७ | वस्ती तथा वडा तहमा हुने योजना तर्जुमा वैठकमा बालिका, किशोरी, यूवा महिलाहरूको आम सहभागिता गराउने | ६ | | ✓ | ✓ | ✓ | ✓ | ✓ | गाउँपालिका वडा कार्यालय | विद्यालय, वडा कार्यालय र साझेदारी संस्थाहरु | २००००० |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ८ | बालमैत्री स्थानीय शासनबारे लगानी योना निर्माण तथा प्रतिबद्दता | ६ | | ✓ | ✓ | ✓ | ✓ | ✓ | गाउँपालिका वडा कार्यालय | विद्यालय, वडा कार्यालय र साझेदारी संस्थाहरु | ५००००० |
| ९ | विवाहको जोखिममा रहेका बालिका, किशोरी तथा यूवा महिलाहरुको लागि लघु उद्यम तालिम | ६ | | ✓ | ✓ | ✓ | ✓ | ✓ | गाउँपालिका वडा कार्यालय | विद्यालय, वडा कार्यालय र साझेदारी संस्थाहरु | २०००००० |
| १० | अभिभावक र बालिका बीच सामुदायिक मूल्यमान्यताको सम्बन्धमा छलफलका लागि अन्तरपुस्ता सम्वाद कार्यक्रम | ६ | | ✓ | ✓ | ✓ | ✓ | ✓ | गाउँपालिका वडा कार्यालय | गाउँपालिका वडा कार्यालय | १०००००० |
| ११ | वस्ती तथा वडा तहमा हुने योजना तर्जुमा प्रक्रियामा बालिका, किशोर-किशोरी र महिलाहरूको आम सभागिता गराउने | ६ वडा | | ✓ | ✓ | ✓ | ✓ | ✓ | गाउँपालिका वडा कार्यालय | गाउँपालिका वडा कार्यालय | ५००००० |
| **बालिका र किशोरीहरुको लागि गुणस्तरीय शिक्षा र स्वास्थ** | | | | | | | | | | | |
| १ | विद्यालय नजाने / वाहिर रहेका विवाहिता किशोरी/युवा महिला तथा परिवारका लागि व्यवसायिक प्राविधिक शिक्षामा पहुंच अभिवृद्धी कार्यक्रम | ६ वडा | | ✓ | ✓ | ✓ | ✓ | ✓ | शिक्षा शाखा, गा.पा., वडा कार्यालय | गा.पा., वडा कार्यालय र साझेदारी संस्थाहरु | ४५०००० |
| २ | विद्यालयहरूमा बालिका तथा लैङ्गिक मैत्री वातावरण र त्यसको प्रभावकारी व्यवस्थापन तथा जवाफदेहिता सुनिश्चित गर्न शिक्षक, कर्मचारी तथा व्यवस्थापन समितिका पदाधिकारीहरूलाई तालिम | ३ पटक | | ✓ | ✓ | ✓ | ✓ | ✓ | शिक्षा शाखा, गा.पा., वडा कार्यालय | गा.पा., वडा कार्यालय र साझेदारी संस्थाहरु | ४००००० |
| ३ | बालिकाको विद्यालय भर्ना अभियान कार्यक्रम | ६ | | ✓ | ✓ | ✓ | ✓ | ✓ | शिक्षा शाखा, गा.पा., वडा कार्यालय | गा.पा., वडा कार्यालय र साझेदारी संस्थाहरु | ३००००० |
| ४ | छात्रवृत्ति कार्यक्रम | ६ | | ✓ | ✓ | ✓ | ✓ | ✓ | गाउँपालिका वडा कार्यालय | गा.पा., वडा कार्यालय र साझेदारी संस्थाहरु | १०००००० |
| ५ | विद्यालय नजाने/वाहिर रहेका बालिका, | ६ | | ✓ | ✓ | ✓ | ✓ | ✓ | गाउँपालिका वडा | गा.पा., वडा कार्यालय | १०००००० |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | किशोरी/युवा महिलाहरुलाई द्रुत कक्षा संचालन | | | | | | | | कार्यालय | र साझेदारी संस्थाहरु | |
| ६ | सिकाई मूल्यांकन प्रतिबेदन तयार र समिक्षा कार्यक्रम | ३ पटक | | ✓ | ✓ | ✓ | ✓ | ✓ | गाउँपालिका वडा कार्यालय | गा.पा., वडा कार्यालय र साझेदारी संस्थाहरु | ५००००० |
| ७ | शिक्षकका लागि क्षमाता बिकास तालिम | १पटक | | ✓ | ✓ | ✓ | ✓ | | शिक्षा शाखा, गा.पा., वडा कार्यालय | गा.पा., वडा कार्यालय र साझेदारी संस्थाहरु | ३५०००० |
| ८ | स्वास्थ्य अधिकार सम्बन्धी सचेतना र पैरवीको कार्यक्रम संचालन | ३ पटक | | ✓ | ✓ | ✓ | ✓ | ✓ | स्वास्थ्य शाखा, गा.पा., वडा कार्यालय | गा.पा., वडा कार्यालय र साझेदारी संस्थाहरु | ८००००० |
| ९ | सामुदायिक स्वास्थ्य कर्मीहरुका लागि क्षमता विकास प्रशिक्षण कार्यक्रम | १ पटक | | ✓ | ✓ | ✓ | ✓ | ✓ | स्वास्थ्य शाखा, गा.पा., वडा कार्यालय | गा.पा., वडा कार्यालय र साझेदारी संस्थाहरु | ५००००० |
| १० | स्वास्थ्य कार्यक्रम संचालन बजेटको लैंङ्गिक परीक्षण | २ पटक | | ✓ | ✓ | ✓ | ✓ | ✓ | गाउँपालिका वडा कार्यालय | गा.पा., वडा कार्यालय र साझेदारी संस्थाहरु | ३५०००० |
| ११ | तालिम प्राप्त अनमी र शिक्षिकाद्वारा बालिका र किशोरी तालिम | १ पटक | | ✓ | ✓ | ✓ | ✓ | ✓ | शिक्षा शाखा, गा.पा., वडा कार्यालय | गा.पा., वडा कार्यालय र साझेदारी संस्थाहरु | ५००००० |
| १२ | यौन, प्रजनन स्वास्थ्य र अधिकार तथा यौनिकता सम्बन्धि अनमी र शिक्षिका तालिम | १ पटक | | ✓ | ✓ | ✓ | ✓ | ✓ | स्वास्थ्य शाखा, गा.पा., वडा कार्यालय | गा.पा., वडा कार्यालय र साझेदारी संस्थाहरु | १०००००० |
| १३ | किशोरीहरुका लागि महिनावारीको सरसफाई र छात्रामैत्री शौचालयको व्यवस्था | ३ पटक | | ✓ | ✓ | ✓ | ✓ | ✓ | स्वास्थ्य शाखा, | गा.पा., वडा कार्यालय र साझेदारी संस्थाहरु | ५००००० |
| १४ | किशोरकिशोरीमैत्री स्वास्थ्य सेवा विद्यालय र समुदाय तहका किशोरकिशोरी बिच बृहत यौन तथा प्रजनन स्वास्थ्य शिक्षाको | ६ पटक | | ✓ | ✓ | ✓ | ✓ | ✓ | स्वास्थ्य शाखा, | गा.पा., वडा कार्यालय र साझेदारी संस्थाहरु | १५००००० |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | व्यवस्था, किशोरकिशोरीलाई प्रजनन स्वास्थ्य तालिम, मनोसामाजिक परामर्श सेवा स्वास्थ्य शिविर | | | | | | | | | | |
| **बालक, किशोर तथा पुरुषहरूको सहभागिता** | | | | | | | | | | | |
| १५ | बाल विवाह, लैङ्गिक विभेद र पितृसत्तात्मक सोच अन्यका लागि सामुदायिक जनचेतनामुलक कार्यक्रम (जनचेतनामूलक भिडियो निर्माण, सडक नाटक, ऱ्याली,अभिभूखिकरण र अन्तरकृया आदि) | ६ वडा | | ✓ | ✓ | ✓ | ✓ | ✓ | विद्यालय, बालक्लिब | गा.पा., वडा कार्यालय र साझेदारी संस्थाहरु | २००००० |
| १० | किशोरहरुका लागि लक्ष्य निर्धारण तालिम (जीवनउपयोगी शिक्षा) | ६ वडा | | ✓ | ✓ | ✓ | ✓ | ✓ | बालसंरक्षण समिति | गा.पा., वडा कार्यालय र साझेदारी संस्थाहरु | ८००००० |
| ११ | विवाहको जोखिममा रहेका बालक, किशोर र यूवा पुरुषका लागि (परिवार सहित) लघु उद्यम तालिम | ६ | | ✓ | ✓ | ✓ | ✓ | ✓ | बालक्लव, किशोरी समुह, विद्यालय | गा.पा., वडा कार्यालय र साझेदारी संस्थाहरु | ५००००० |
| १२ | बाल बिबाह बिरुद्द अभियान संचालन गर्न किशोरहरुको समुह निर्माण, क्षमता बिकास र परिचालन गर्ने । | | | ✓ | ✓ | ✓ | ✓ | ✓ | वडा कार्यालय र संस्थाहरु | गा.पा., वडा कार्यालय र साझेदारी संस्थाहरु | |
| १३ | धार्मिक गुरुहरुलाई अभिमुखीकरण | | | ✓ | ✓ | ✓ | ✓ | ✓ | वडा कार्यालय र संस्थाहरु | गा.पा., वडा कार्यालय र साझेदारी संस्थाहरु | १००००० |
| **परिवार र समुदायको परिचालन** | | | | | | | | | | | |
| १ | बाल विवाह, लैङ्गिक विभेद र पितृसत्तात्मक सोच अन्यका लागि सामुदायिक जनचेतनामुलक कार्यक्रम (जस्तै भिडियो प्रदर्शनी, सडक नाटक, ऱ्याली, अभिभूखिकरण र अन्तरकृया आदि) | ६ | | ✓ | ✓ | ✓ | ✓ | ✓ | वडा कार्यालय र संस्थाहरु | गा.पा., वडा कार्यालय र साझेदारी संस्थाहरु | १०००००० |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बिहावारी २० वर्ष पारी अभियान संचालन | ६ | | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | |
| | पारिवारिक/अभिभावक शिक्षा र साथि शिक्षा | ६ | | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | |
| २ | बाल विवाह तथा लैङ्गिक हिंसा विरुद्ध अन्तरक्रिया ( अनुभव आदान प्रदान, नकरात्मक पक्षबारे जानकारी ) | ३ पटक | | ✓ | ✓ | ✓ | ✓ | ✓ | वडा कार्यालय र संस्थाहरु | गा.पा., वडा कार्यालय र साझेदारी संस्थाहरु | ३००००० |
| ३ | बाल विवाह तथा लैङ्गिक हिँसा विरुद्ध सामुहिक प्रतिवद्धता | ३ पटक ६ वडा | | ✓ | ✓ | ✓ | ✓ | ✓ | वडा कार्यालय र संस्थाहरु | गा.पा., वडा कार्यालय र साझेदारी संस्थाहरु | ० |
| ४ | छोटो तथा लामो सुचना प्रवाह (स्थानीय एफ एम र पपत्रकाहरु) | ६ पटक | | ✓ | ✓ | ✓ | ✓ | ✓ | वडा कार्यालय र संस्थाहरु | गा.पा., वडा कार्यालय र साझेदारी संस्थाहरु | १५०००० |
| ६ | क्षमता अभिवृद्धी तथा तालिम (बाल विवाह, लैङ्गिक विभेद अन्यकालागि सामुदायिक कार्यक्रम ) | ६ पटक | | ✓ | ✓ | ✓ | ✓ | ✓ | वडा कार्यालय र संस्थाहरु | गा.पा., वडा कार्यालय र साझेदारी संस्थाहरु | १०००००० |
| ७ | अतिजोखिमपरिवारलाईआयार्जमासहयोग | ६ | | ✓ | ✓ | ✓ | ✓ | ✓ | संस्थाहरु | गा.पा., वडा कार्यालय र साझेदारी संस्थाहरु | २०००००० |
| **सेवा प्रवाहः** | | | | | | | | | | | |
| १ | सेवा प्रदायकहरूको जवाफदेहिता र क्षमता अभिवृद्धि गरी आवश्यकता अनुसार तत्कालै र गुणस्तरीय सेवाप्रवाहका लागि समन्वय र प्रेषण प्रणाली (Referral System) को विकास गर्ने | | | ✓ | ✓ | ✓ | ✓ | ✓ | गाउँपालिका वडा कार्यालय र संस्थाहरु | गा.पा., वडा कार्यालय र साझेदारी संस्थाहरु | ३००००० |
| २ | मनोसामाजिक सेवा प्रदान गर्ने | ३ महिनामा १ पटक | | ✓ | ✓ | ✓ | ✓ | ✓ | गाउँपालिका वडा कार्यालय र संस्थाहरु | गा.पा., वडा कार्यालय र साझेदारी संस्थाहरु | ५००००० |
| ३ | बालकोषको स्थापाना गर्ने | १ | | | | | ✓ | ✓ | गाउँपालिका वडा कार्यालय | गा.पा., वडा कार्यालय र साझेदारी संस्थाहरु | १००००० |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | बाल बिबाहबाट प्रभाबितहरुलाई उद्दार, पुनरस्थापना, आकस्मिक सहयोग गर्ने | १ | | ✓ | ✓ | ✓ | ✓ | ✓ | गाउँपालिका वडा कार्यालय र संस्थाहरु | गा.पा., वडा कार्यालय र साझेदारी संस्थाहरु | १००००० ० |
| ५ | स्थानीय तहमा बाल विवाह सम्बन्धी जानकारी अध्यावधिक राख्नव्यवस्थापन सूचना प्रणालीको स्थापना र सुदृढीकरण गर्ने | ३ पटक | | ✓ | ✓ | ✓ | ✓ | ✓ | वडा कार्यालय विद्यालय र संस्थाहरु | गा.पा., वडा कार्यालय र साझेदारी संस्थाहरु | १५०००० |
| ६ | बालहेल्पलाइन सल्यान सगको सहकर्यामा आपतकालिन आवास गृहको सेवा दिने | | | ✓ | ✓ | ✓ | ✓ | ✓ | वडाका र्यालय विद्यालय र संस्थाहरु | गा.पा., वडा कार्यालय र साझेदारी संस्थाहरु | ५००००० |
| ७ | बालविवाह सम्बन्धी कानुन कार्यान्वयन गर्ने स्थानीय अधिकारी, न्यायिक र अर्धन्यायिक निकाय लगायत अन्य सरोकारवाला निकायहरूको समन्वय गर्ने । | ६ | | ✓ | ✓ | ✓ | ✓ | ✓ | गाउँपालिका वडा कार्यालय र संस्थाहरु | गा.पा., वडा कार्यालय र साझेदारी संस्थाहरु | ० |
| ८ | विवाहको कानूनी उमेर, सोको उल्लंघन गरेमा हुने सजांय तथा बालविवाह विरुद्ध उपलब्ध हुने कानूनी संरक्षणको व्यवस्था सम्बन्धी जनचेतना जगाउन प्रचारप्रसार गर्ने । | ६ | | ✓ | ✓ | ✓ | ✓ | ✓ | गाउँपालिका वडा कार्यालय र संस्थाहरु | गा.पा., वडा कार्यालय र साझेदारी संस्थाहरु | ३००००० |
| ९ | कानूनी उपचार लिन चाहने बालबालिकाहरुले सामना गर्नु परिरहेको कानूनी तथा सामाजिक कठिनाईहरु पहिचान गरी सो निर्मूल गर्न आवश्यक पहल गर्ने। | ६ | | ✓ | ✓ | ✓ | ✓ | ✓ | गाउँपालिका वडा कार्यालय र संस्थाहरु | गा.पा., वडा कार्यालय र साझेदारी संस्थाहरु | |
| **कानून र नीतिको सुदृढीकरण र कार्यान्वयन** | | | | | | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | बालविवाह सम्बन्धी विद्यमान कानुनी प्रावधानको जानकारी र सचेतना प्रदान गर्ने । | १० | २५० ० | ✓ | ✓ | ✓ | ✓ | ✓ | संस्थाहरु, बालक्लव, बाल संरक्षण समिति | गा.पा., वडा कार्यालय, साझेदारी संस्थाहरु र प्रहरी कार्यालय | ५००००० |
| २ | गाउँपालिकाका जनप्रतिनिधिहरुका लागि लैंगिक हिंसा र बालविवाह सम्बन्धी कानुनी प्रावधान सम्बन्धि अभिमुखिकरण गर्ने | २ | ५० | ✓ | | ✓ | ✓ | ✓ | संस्थाहरु, बालक्लव, बाल संरक्षण समिति | गा.पा., वडा कार्यालय, साझेदारी संस्थाहरु र प्रहरी कार्यालय | ४००००० |
| ३ | समुदाय तहमा मद्यपान, धुम्रपान जन्य सामग्रीहरुको बिक्री वितरण र बालबालिकाको प्रयोगलाई मौजुदा कानुन र निश्चित आचार संहिताका बारेमा जानकारी दिने | १० | २०० | ✓ | ✓ | ✓ | ✓ | ✓ | वडाकार्यालय र संस्थाहरु | गा.पा., वडा कार्यालय र साझेदारी संस्थाहरु | ३००००० |
| ४ | बालविवाहबाट प्रभावित तथा बाल यौन दुर्व्यबहारको पिडित बालबालिकाहरुको उद्धार, कानुनी सेवा प्रदान गर्ने । | २० | ६० | ✓ | ✓ | ✓ | ✓ | ✓ | वडाकार्यालय र संस्थाहरु | गा.पा., वडा कार्यालय र साझेदारी संस्थाहरु | ३००००० |
| ५ | लागु औसध बिक्री वितरणर बालबालिका माथिको प्रयोगमा नियमन गर्ने। | | | ✓ | ✓ | ✓ | ✓ | ✓ | बाल अधिकार समिती | नेपाल प्रहरी | |
| ६ | साइबर अपराधको कानुनका बारेमा बालबालिकालाई सचेत गराउने । | ६ | २०० | ✓ | ✓ | ✓ | ✓ | ✓ | वडाकार्यालय | गा.पा., वडा कार्यालय र साझेदारी संस्थाहरु | ३००००० |
| ७ | बहु/बाल विवाहबारे संवैधानिक ब्यवस्थाहरु सम्बन्धी अन्तरकृ तथा छलफल (समुदाय, टोल र विद्यालयमा ) | | | ✓ | ✓ | ✓ | ✓ | ✓ | वडाकार्यालय | गा.पा., वडा कार्यालय र साझेदारी संस्थाहरु | |
| ८ | विवाह र जन्म दर्ता अनिवार्य अभियान र प्रोत्साहन सम्बन्धी कार्यक्रम | ६ | | ✓ | ✓ | ✓ | ✓ | ✓ | बालसंरक्षण समिति | गा.पा., वडा कार्यालय र साझेदारी संस्थाहरु | ८००००० |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ९ | विवाहको कानूनी उमेर, सोको उल्लंघन गरेमा हुने सजाय तथाबाल विवाह विरुद्ध उपलब्ध हुने कानूनी संरक्षणको व्यवस्था सम्बन्धी जनचेतना जगाउन प्रचार प्रसार सामाग्री निर्माण तथा वितरण | | | ✓ | ✓ | ✓ | ✓ | ✓ | वडा कार्यालय | गा.पा., वडा कार्यालय र साझेदारी संस्थाहरु | ५०००० |
| १० | बाल विवाह सम्बन्धी उपलब्ध कानून तथा नीतिको कार्यान्वयन | | | ✓ | ✓ | ✓ | ✓ | ✓ | बाल संरक्षण समिति | गा.पा., वडा कार्यालय र साझेदारी संस्थाहरु | |
| ११ | बाल विवाह विरुद्ध प्रहरी समुदाय साझेदारी कार्यक्रम संचालन | ६१० | | ✓ | ✓ | ✓ | ✓ | ✓ | संस्थाहरु | गा.पा., वडा कार्यालय र साझेदारी संस्थाहरु | १००००० |
| १२ | गाउँपालिका तथा वडा समितिले संयुक्त अनुगमन गर्ने | ३ महिनामा १ पटक | | ✓ | ✓ | ✓ | ✓ | ✓ | वडाकार्यालय | वडा कार्यालय | |
| १३ | संचालित कार्यक्रमको आवधिक तथा मध्यावधिकमुल्यांकन गर्ने | ३ महिनामा १ पटक | | ✓ | ✓ | ✓ | ✓ | ✓ | वडाकार्यालय | गा.पा., वडा कार्यालय | |
| १४ | बालविवाहमुक्तवडाघोषणाकार्यक्रमपालिका स्तरमाघोषणा | ६ | | | | | ✓ | ✓ | गा.पा., वडा कार्यालय | गा.पा., वडा कार्यालय र साझेदारी संस्थाहरु | |
| १५ | विद्यालय तहमा बालसंरक्षणका लागि समस्या एवंगुनासो सुनुवाई डेस्क | | | ✓ | ✓ | ✓ | ✓ | ✓ | वडा कार्यालय र संस्थाहरु | गा.पा., वडा कार्यालय र साझेदारी संस्थाहरु | |
| १६ | किशोरकिशोरी सशक्तिकरण एवं लैङ्गिक हिंसा न्यूनिकरणका लागि उत्प्रेरक / सामाजिक परिचालक तोक्ने परिचालन गर्ने | | | ✓ | ✓ | ✓ | ✓ | ✓ | वडा कार्यालय र संस्थाहरु | साझेदारी संस्थाहरु | |

## १९. स्रोत व्यवस्थापन

**कार्यनीतिः** यस रणनीतिक योजनामा समावेश भएका कार्य सम्पन्न गर्नका लागि देहाय अनुसार कार्यनीतिहरु अवलम्बन गरिनेछः

क. वडा कार्यालय, गाउँपालिका, सामाजिक संघसंस्थाहरूसँग विद्यमान सेवा तथा स्रोतहरूको सदुपयोग र प्रभावकारी परिचालनका निम्ति आवश्यक समन्वय, सहकार्य तथा अनुगमन कार्यलाई प्रभावकारी बनाईनेछ । वडा समिति, गाउँपालिका संचालित बालबालिका लक्षित कार्यक्रम यसै अन्तर्गत समाबेस रहनेछन्।

ख. यस रणनीतिक योजनाको विभिन्न सवाल तथा कार्यक्रममा केन्द्रित रही आफ्नो कार्यक्षेत्र भित्र पर्ने क्रियाकलापहरू स्वयं संचालन गर्न प्रेरित गर्ने गरी सरकारी कार्यालय एवम् स्थानीय तह, गैरसरकारी संस्थालाई आवश्यक प्राविधिक तथा आर्थिक सहयोग प्रदान गर्नका लागि स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी सामाजिक संस्थाहरूलाई प्रोत्साहन गरिनेछ ।

ग. वडा समिति तथा गाउँपालिकाले समन्वय र सहकार्यका लागि उपयुक्त वातावरण सृजना गरी यस रणनीतिक योजनाको लागि आवश्यक बजेट खर्च जुटाईनेछ ।

घ. वडास्तरमा वडा बालसंरक्षण समिति, समुदायस्तरको बाल संरक्षण समिति, बालक्लब, किशोरी समूह, गैससको सहकार्यमा स्रोत परिचालन गरिनेछ ।

## २०. समन्वय, अनुगमन तथा मुल्यांकन

क. गाउँपालिकाले सरोकारवाला सरकारी निकाय, स्थानीय तह, बालक्लब, किशोरी/बहिनी समूह, बालसंरक्षण समिति, गैर सरकारी संघसंस्था, अभिभावक, विद्यालय र बालबालिका लगायत सरोकारवाला निकायसँग यस रणनीतिको कार्यान्वयनका लागि समन्वय र सहकार्य गर्नेछ ।

ख. यस रणनीतिक योजनाको व्यावहारिक कार्यान्वयन तथा लक्ष्य प्राप्तिको लागि सरोकारवालाहरू तथा लक्षित समूहहरूको प्रत्यक्ष संलग्नतामा सहभागितामूलक अनुगमन परिपाटी विकास गरी व्यवहारमा ल्याईनेछ ।यसका लागि स्थलगत अवलोकन तथा आवधिक समीक्षा बैठकहरू सञ्चालन गरिनेछन्।

ग. रणनीतिक योजनाको मूल्यांकनको लागि सरोकारवालाहरु, गाउँपालिका तथा वडा समितिले स्थलगत अध्ययन अवलोकन र आवश्यकता अनुसार मूल्यांकन कार्यशालाको संचालन गरी मध्यावधि मूल्यांकन गरिनेछ । मूल्यांकनको आधारमा प्राप्त सुझावको आधारमा योजनामा समसामयिक परिवर्तन गरी व्यवहारमा ल्याईनेछ ।

## २१. रणनीति कार्यान्वयनका लागि सम्बन्धित निकायको भुमिका

### २१.१ त्रिवेणी गाउँपालिकाको भुमिका

बाल विवाह विरुद्धको रणनीति कार्यान्वयनका लागि त्रिवेणी गाउँपालिकाको भुमिका देहाय बमोजिम हुनेछः

(क) बाल विवाह अन्त्य गर्नका लागि स्थानीय र राष्ट्रिय रणनीति बीच सामाञ्जस्यता कायम गरी कार्यान्वयन गर्ने।

(ख) रणनीतिका आधारमा कार्ययोजना तयार गर्ने र प्रभावकारी कार्यान्वयन गर्ने गराउने।

(ग) सम्बन्धित निकायहरुबीच समन्वय गरी गाउँपालिका भित्र बालविवाह विरुद्धका कार्यक्रमहरु एकीकृत रुपमा संचालनमा मद्दत पुऱ्याउने ।

(घ) बालविवाह विरुद्धको अभियानका लागि विभिन्न सरोकारवालाहरु बीच प्रभावकारी समन्वय, सहयोग र पैरवी गर्ने लगायत प्राविधिक तथा वित्तीय साधन स्रोतको प्राप्ति र प्रभावकारी विनियोजनको व्यवस्थापन गर्ने ।

(ङ) बाल मैत्री वडा तथा गाउँपालिका स्थापना र विकासका लागि आवश्यकआर्थिक, भौतिक तथा नीतिगत व्यवस्था मिलाउने ।

(च) बालबालिका सम्बन्धी कार्यक्रमहरुलाई विकेन्द्रितरुपमा बाँडफाँड गरी बालमैत्री वडा स्थापनामा सहयोग गर्ने ।

(छ) बालविवाहको जोखिममा परेका वा पहिल्यै बालविवाहमा परेका बालिका र बालकको संरक्षण र विकासका लागि विद्यमान नीतिको कार्यान्वयन गर्ने गराउने ।

(ज) असहाय, अनाथ, अतिअशक्त, एवम, श्रममा रहेका बालबालिकाको तथ्याङ्क संकलन गरी प्रोफाइल तयार गर्ने ।

(झ) बालविवाह नगर्ने, नगराउने अनुकरणीय व्यक्ति, परिवार, समूह र समुदायलाई सामाजिक रूपमा सम्मान गर्न प्रोत्साहन गर्ने ।

(ञ) बालविवाह विरुद्धका कार्यक्रमहरुको प्रभावकारिता तथा असरका बारेमा नियमित अध्ययन, अनुगमन तथा मूल्यांकन गरी आवश्यक सुझाव, सल्लाह प्रदान गर्ने ।

(ट) बालविवाह विरुद्धका कार्यक्रमहरुको प्रभावकारिता तथा असरका बारेमा नियमित अध्ययन, अनुगमन तथा मूल्यांकन गरी आवश्यक सुझाव, सल्लाह प्रदान गर्ने ।

### २१.२ वडा कार्यालयको भुमिका

बाल विवाह विरुद्धको रणनीति कार्यान्वयनका लागि त्रिवेणी गाउँपालिका अन्तरगतका सबै वडा कार्यालयको भुमिका देहायबमोजिम हुनेछः

(क) रणनीतिका आधारमा वडास्तरीय कार्ययोजना तयार गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने गराउने ।

(ख) संघ संस्थाहरुको समन्वयमा बालविवाह अन्त्यका लागि वडा, विद्यालय तथा समुदायस्तरमा बालसंरक्षण संयन्त्रहरुको स्थापना, सबलीकरण र परिचालन गर्ने ।

(ग) बालविवाह न्यूनीकरणका लागि विभिन्न सृजनात्मक अभ्यासहरु अपनाउने ।

(घ) बालविवाह विरुद्धको अभियान संचालन गर्न विभिन्न सरोकारवालाहरु बीच प्रभावकारी समन्वय, सहयोग र पैरवी लगायत आर्थिक तथा प्राविधिक सहयोगको व्यवस्था गर्ने ।

(ङ) वडालाई बालविवाहमुक्त बनाउन समन्वय, सहकार्य गर्ने र विविध कार्यक्रम संचालन गर्ने ।

(च) बालविवाहको जोखिममा परेका वा पहिल्यै विवाह भैसकेका बालिकार बालकको संरक्षण र विकासका लागि विद्यमान नीतिको कार्यान्वयनमा जोडदिने।

(छ) बालविवाह गराउने परिवारलाई सेवा सुविधाबाट केही समय बञ्चित गराउने।

(ज) वडास्तरिय नीति, रणनीति, योजना, कार्यक्रम तर्जुमा गरी प्रभावकारीरुपमा कार्यान्वयन गर्ने ।

(झ) बालसंरक्षण सम्बन्धी वडास्तरीय कार्यको अनुगमन तथा मूल्याकंन गरी वडा कार्य समितिमा प्रतिवेदन पेश गर्ने

(ञ) वडास्तरीय बालबालिकाको स्थिति प्रतिवेदन वार्षिक रुपमा तयार पारी प्रकाशन गर्ने।

(ट) बाल विवाह विरुद्ध जनप्रतिनिधि सहित घरदैलो अभियान संचालन गर्ने ।

(ठ) बालबालिका सम्बन्धी सम्पन्न कार्यक्रमको प्रगति विवरण गाउँपालिकालाई पेश गर्ने।

(ड) बालविवाह नगर्ने, नगराउने र बालविवाह रोक्नमा अनुकरणीय काम गर्ने व्यक्ति, परिवार, समूह र समुदायलाई सामाजिक रूपमा सम्मान र प्रोत्साहन गर्ने ।

(ढ) बालविवाहको निम्तोलाई अस्वीकार गरी रोक्न पहल गर्ने।

(ण) बालविवाह विरुद्धका कार्यक्रमहरुको प्रभावकारीता तथा असरका बारेमा नियमित अध्ययन, अनुगमन तथा मूल्यांकन गरी आवश्यकता अनुसार कार्यशैली तथा ढाँचामा सुधार ल्याउने

## २१.३ पालिका बाल अधिकार समिति

बाल विवाह विरुद्धको रणनीति कार्यान्वयनका लागि त्रिवेणी गाउँपालिकास्तरीय बाल संरक्षण समितिको भुमिका देहायबमोजिम हुनेछः

(क) सम्बन्धित वडामा विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिकाको तथ्याङ्क संकलन गर्ने, अद्यावधिक गर्ने गराउने ।

(ख) वडामा बालबालिकाका क्षेत्रमा कार्यरत संघ संस्था, बालक्लब, बाल संजालमञ्च/समूह, सामुदायिक निकायहरुको फेहरिस्त तयार पार्ने ।

(ग) विभिन्न निकायहरुसँगको समन्वयमा बालविवाह विरुद्धका कार्यक्रमहरुको तर्जुमा र कार्यान्वयन गर्ने गराउने ।

(घ) बालबालिका, परिवार र समुदायमा बालविवाह विरुद्धको चेतना अभिवृद्धि गर्ने ।

(ङ) बालविवाहका घटना तथा बालअधिकार हनन सम्बन्धमा आएका उजुरीहरुलाई सम्बन्धित निकायमा सिफारिश गरी पठाउने एवंम् त्यस्ता उजुरी उपर समन्वयकारी भुमिका निर्वाह गरिदिने । यस्ता घटनाहरुको घटना अध्ययन एवं अध्यावधिक गर्ने ।

(च) जोखिममा रहेका बालबालिकाहरुलाई आकस्मिक सहयोगका लागि पहल गर्ने।

(छ) वडा बालसंरक्षण कोषको स्थापना तथा परिचालन गर्ने।

(ज) बालअधिकार, बालसंरक्षण र बालविवाहका विरुद्धमा वकालत गर्ने र वडा तहमा बालसंरक्षणलाई प्रभावकारी बनाई बालविवाह अन्त्यका लागि जुटेर काम गर्ने।

(झ) बालविवाहको जोखिममा परेका तथा पर्न सक्ने बालबालिकाको संभावित अध्ययन र घटना व्यवस्थापनलाई प्रभावकारि बनाउने।

(ञ) समुदायमा रहेका बालक्लव, किशोरी/बहिनी समूह, बाल विवाह निगरानी समूहहरुको क्षमता अभिवृद्धि गर्ने, कार्ययोजना तयार गर्नको लागि आवश्यक सहयोग गरी उनीहरुको अभिभावकत्वको भूमिका निर्वाह गर्ने ।

## २१.४ स्वास्थ्य संस्था

बाल विवाह विरुद्धको रणनीति कार्यान्वयनका लागि त्रिवेणी गाउँपालिका अन्तरगतका स्वास्थ्य संस्थाको भुमिका देहायबमोजिम हुनेछः

क. बालविवाहका कारणले बालिकाको स्वास्थ्यमा पर्न सक्ने शारीरिक,मानसिक तथा स्वास्थ्य समस्याहरु र आउनसक्ने असरका बारेमा समुदाय र विद्यालयस्तरमा जनचेतना जगाउने ।

ख. बालविवाहको विरुद्धमा समुदाय तथा परिवारस्तरमा परामर्शका लागि महिला स्वास्थ्य स्वयंम् सेविकाको क्षमता अभिवृद्धि गरी परिचालन गर्ने ।

ग. स्वास्थ्य कार्यक्रमहरूमा आवश्यकतानुसार बालविवाह र कम उमेरमा हुने गर्भधारणलाई निरुत्साहन गर्ने कार्यक्रमहरू समावेश र सञ्चालन गर्ने ।

घ. बालविवाहको विरुद्धको विषय किशोरकिशोरी मैत्री स्वास्थ्य सेवा कार्यक्रमसँग एकीकृत गरी संचालन गर्ने ।

ङ. स्वास्थ्य केन्द्र र स्वास्थ्य क्लिनिकहरु मार्फत असहाय तथा आर्थिक रुपले विपन्न वर्गका बालबालिकाको लागि निःशुल्क स्वास्थ्य सेवा तथा सुविधाको प्रबन्ध मिलाउने ।

च. बालविवाहको जोखिममा रहेका किशोरकिशोरीहरुको पहिचान गरी उनीहरु र उनीहरुको अभिभावकलाई परामर्श प्रदान गर्न महिला स्वास्थ्य स्यंम्सेविकाहरुलाई परिचालन गर्ने ।

छ. किशोरकिशोरीहरुलाई प्रजनन स्वास्थ्यबारे जानकारी प्रदान गर्ने ।

ज. बालविवाह र स्वास्थ्य शिक्षा सम्बन्धी विशेष अभियान सञ्चालन गर्ने ।

## २१.५ विद्यालय र शिक्षकहरु

बाल विवाह विरुद्धको रणनीति कार्यान्वयनका लागि त्रिवेणी गाउँपालिकाको अन्तरगतका विद्यालय र शिक्षकहरुको भुमिका देहायबमोजिम हुनेछः

(क) बाल विवाह रोकथाम सम्बन्धी किशोर किशोरी र अभिभावकबीच अन्तर संवाद गरी साझा प्रतिवद्धता निर्माण गर्ने।

(ख) बालविवाहका प्रमुख कारण र असरबारे विद्यार्थी माझ नियमित छलफल गरी उनीहरुको ज्ञान, धारणा, अभिबृद्धि र व्यवहार रुपान्तरण गर्न सहयोग गर्ने ।

(ग) सामाजिक विषयको अध्यापकलाई बाललविवाहका नकारात्मक पक्षहरुको बारेमा बालबालिकाहरुलाई अनुशिक्षण गर्ने गरी जिम्मेवार बनाउने ।

(घ) बालबालिकाहरुलाई बालविवाह विरुद्ध परिवर्तनको संवाहक बनाउने ।

(ङ) बालअधिकार सम्वन्धी उजूरी बाकस संचालन तथा व्यवस्थापन गर्ने ।

## २१.६ महिला तथा बालबालिका शाखा

बाल विवाह विरुद्धको रणनीति कार्यान्वयनका लागि त्रिवेणी गाउँपालिकाको अन्तरगत महिला बालबालिका तथा ज्येष्ठ नागरिक इकाईको भुमिका देहायबमोजिम हुनेछः

(क) बालविवाहको जोखिममा रहेका परिवारलाई सेवा सुविधा सरल तरिकाबाट उपलब्ध गराउने।

(ख) बालबालिकासँग सम्बन्धित नीति तथा कार्यक्रम बनाउने ।

(ग) बाल विवाह सम्बन्धी सचेतना मुलक कार्यक्रम संचालन गर्ने ।

## २१.७ सञ्चार माध्ययम

बाल विवाह विरुद्धको रणनीति कार्यान्वयनका सञ्चार माध्ययमको भुमिका देहायबमोजिम हुनेछः

(क) बालविवाहबाट बालबालिका, परिवार र समाजमा पर्ने नकारात्मक असर, कानुनी प्रावधानहरुलाई आम नागरिकहरुमा सूचना, संचारसंप्रेषण गर्ने एवं रेडियो नाटक, जिंगल, बहस कार्यक्रम निर्माण गरी प्रसारण गर्ने ।

(ख) बालविवाह विरुद्धका कानूनी तथा नीतिगत प्रावधान काबारेमा समुदायस्तरमा संचेतना जगाउने खालका सामग्रीहरुको उत्पादन र प्रसारण तथा प्रकाशन गर्ने ।

(ग) बालविवाहबाट बालबालिकाको जीवनमा पर्ने नकारात्मक असर, विवाहको कानूनी उमेर, कानुन उल्लंघन गर्दा हुने सजाँयका विषयका साथै बालविवाहलाई नैतिक मूल्य र मान्यता विरुद्धको

रुपमा आमनागरिकमा सचेतना गर्न आम संचारका माध्यम मार्फत प्रसारण तथा प्रकाशन गर्ने ।

(घ) बालविवाह विरुद्धका विषयमा नियमित लेख तथा रचनाहरु प्रकाशन तथा प्रसारणको व्यवस्था मिलाउने ।

## २१.८ किशोर किशोरी/युवा समूह

बाल विवाह विरुद्धको रणनीति कार्यान्वयनका लागि त्रिवेणी गाउँपालिकाको अन्तरगतका किशोर किशोरी समूह, बालक्लब र युवा क्लबहरुको  भुमिका देहायबमोजिम हुनेछः

(क) समाजमा लैंगिक विभेद विरुद्ध संगठित आवाज उठाउने, बालविवाहका घटना भएको जानकारी पाएमा किशोरकिशोरी समूह र युवाक्लव मार्फत सम्बन्धित निकायमा जानकारी गराई कानुनी कारवाही प्रक्रिया अगाडि बढाउन दबाब दिने ।

(ख) आफ्नो समूहमा उमेर नपुगी विवाह नगर्ने, नगराउने प्रतिबद्धता संकलन गरी विहावारीः २० वर्ष पारी अभियान संचालन गर्ने ।

(ग) बालअधिकारका विषयमा र बालविवाह विरुद्ध सचेतनाका लागि नियमित रुपमा किशोरकिशोरीहरुसँग अन्तरक्रिया तथा छलफल गरी मासिक रुपमा प्रतिवद्धता र प्रतिवद्धता प्रगति घोषणा गर्ने ।

(घ) बालविवाह र बालश्रमको जोखिममा रहेका बालबालिकाहरुको अभिभावकलाई भेट्ने र परामर्श तथा सुझाव सल्लाह मार्फत त्यस्ता घटना हुन नदिन आवश्यक पहल गर्ने ।

(ङ) बालविवाहलाई रोक्ने प्रयास गर्दागर्दै पनि घटना घटेको खण्डमा नजिकको प्रहरी कार्यालय, बालसंरक्षण समिति वा वडा/गाउँपालिका कार्यालयमा उजुरी गर्ने र आवश्यक कारवाहीको लागि वकालत गर्ने ।

## २१.९ परिवार/अभिभावक

बाल विवाह विरुद्धको रणनीति कार्यान्वयनका लागि परिवार तथा अविभावकहरुको भुमिका देहायबमोजिम हुनेछः

(क) आफ्ना छोराछोरीको उचित हेरचाह, संरक्षणको साथै मार्गदर्शन प्रदान गर्ने ।

(ख) बालबालिकाहरुको साथी समूह बीचको क्रियाकलापहरुको निगरानी गरी उनीहरुको इच्छा, चाहना र आवश्यकतालाई पूरा गर्न सहयोग गर्ने ।

(ग) परिवार र समुदायमा उमेर नपुगी हुने विवाहलाई रोक्न प्रतिबद्ध रहने ।

(घ) आफ्नो बालबालिकालाई नियमित विद्यालय पठाउने र आवश्यक पोसाक, शैक्षिक सामग्री लगायत घरमा पनि पढ्ने वातावरण मिलाउने ।

(ङ) बालबालिकाका कुरा सुन्ने, बुझ्ने, उचित मार्ग निर्देशन दिने, स्याबासी र हौसला प्रदान गर्दै निर्णय प्रक्रियामा सहभागी गराउने ।

(च) स्वास्थ्य, सरसफाई अनुशासन लगायतका विषयमा व्यवहारिक ज्ञान दिने ।

(छ) पारिवारिक विभेदको अन्त्य गरी बालमैत्री घरको विकास गर्ने ।

(ज) किशोरावस्थामा पुगेका बालबालिकाहरुसँग मित्रवत् व्यवहार गर्ने, उनीहरुका समस्यालाई उच्च प्राथमिकतामा राख्ने र उचित मार्गदर्शन प्रदान गर्ने ।

(झ) आफ्नो बालबालिकाहरुको संगत कस्तो व्यक्तिसँग भइरहेको छ, विद्यालय नियमित छन्कि छैनन्, पढाईमा कत्तिको रुचिदिइरहेका छन्, समयमै घरमा आउने गरेको छ कि छैन,

अकस्मात कुनै व्यवहारिक परिवर्तन आएको त छैन भन्ने जस्ता कुराहरुको नियमित ख्याल गर्ने र यदि केही कुरामा समस्या देखिएको छ भने तुरुन्तै समाधानको प्रयासमा लाग्ने ।

### २१.१० प्रहरी कार्यालय

बाल विवाह विरुद्धको रणनीति कार्यान्वयनका लागि त्रिवेणी गाउँपालिकाको भित्र रहेका प्रहरी कार्यालयहरुको भुमिका देहायबमोजिम हुनेछः

(क) प्रहरी चौकीहरु मार्फत वडा स्तरमा जनचेतनामूलक कार्यक्रम संचालन गर्ने ।

(ख) प्रहरी कार्यालयले बालविवाहका मुद्दालाई प्राथमिकताकासाथ दर्ता गरी अनुसन्धान र अभियोजन प्रक्रियालाई सक्रियता पूर्वकबढाउने।

(ग) शान्ति सुरक्षाको प्रत्याभूति गर्ने।

(घ) बालबालिकालाई शोषण गर्ने तथा बाल अधिकारको बर्खिलाप गर्नेलाई आवश्यक कानुनी दायरा भित्रल्याई कारवाही गर्ने।

### २१.११ गैर सरकारी संस्था

बाल विवाह विरुद्धको रणनीति कार्यान्वयनका लागि त्रिवेणी गाउँपालिकामा कार्यक्षेत्र भएका विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरुको भुमिका देहायबमोजिम हुनेछः

क. बालविवाहको जोखिम समुदाय र क्षेत्रमा सामाजिक जागरण ल्याउन पैरवी र सचेतना कार्यक्रमहरु संचालन गर्ने ।

ख. वडास्तरमा बालविवाह न्यूनीकरण कार्यक्रम तथा योजना निर्माण र कार्यान्वयन प्रक्रियामा सहयोग गर्ने, बालक्लव तथा समुदायतहका सरोकारवालाको क्षमता अभिवृद्धिमा सहयोग पुऱ्याउने । स्रोतको खोजी गरी वडा कार्यालय र गाउँपालिकासँग आवश्यक समन्वय र सहकार्य गर्ने ।

ग. बालविवाह अन्त्यका लागि बनेको स्थानीयस्तरको रणनीति लाई सफल पार्नका लागि बालसंरक्षण सम्बन्धि संयन्त्रहरुको स्थापना, सबलीकरण, क्षमता विकास र परिचालनमा आवश्यक प्राविधिक तथा आर्थिक सहयोग गर्ने ।

घ. बालविवाहको अन्त्यको लागि स्थानीय सरकारसँगको सहकार्यमा विविध किसिमका कार्यक्रमको तर्जुमा र कार्यान्वयन गर्ने।

ङ. बालविवाहविरुद्ध पैरवी तथा सचेतनामूल कार्यक्रमहरु संचालन गर्ने ।

च. बालविवाहको अन्त्य गर्ने कार्यमा गाउँपालिका, वडा, विद्यालय र समुदायस्तरमा विभिन्न संरचनासँग सहकार्य गर्ने ।

छ. बालविवाहका घटनाहको उजुरीभएको अवस्थामा कानुनी उपचार तथा प्रक्रियाका बारेमा सहयोग गर्ने

### २१.१२ महिला आमा समूह

बाल विवाह विरुद्धको रणनीति कार्यान्वयनका लागि त्रिवेणी गाउँपालिका अन्तरगत महिला तथा आमा समूहको भुमिका देहायबमोजिम हुनेछः

(क) आफ्नो टोल, समुदायमा बालविवाह हुन नदिन सामूहिक छलफल एवं घरदैलो कार्यक्रम गर्ने ।

(ख) बालविवाहको जन्ती, भोज वा अन्य कुनै पनि कार्यक्रममा सहभागी नहुने र समाजका अरु सदस्यहरुलाई पनि त्यस्ते नगर्न प्रोत्साहन गर्ने ।

(ग) किशोरीहरु दुलही होइनन् भन्ने मान्यतालाई आत्मसाथ गरी प्रजनन स्वास्थ्य सुधारमा स्वास्थ्य संस्थासँग समन्वय र सहकार्य गर्ने ।

(घ) बालबालिकालाई विद्यालय पठाउने कार्यमा सहयोग गर्ने ।

(ङ) आ—आफ्नो टोल, संगठन, क्षेत्रमा बालबालिकाको हक अधिकार स्थापना गर्न कार्यक्रम बनाई विविध कार्यक्रम गर्ने र अनुगमन समेत गर्ने ।

(च) बालबालिका सम्बन्धी सही सूचना राख्ने र आवश्यकता बमोजिम संप्रेषण गर्ने ।

**२१.१३ महिला स्वास्थ्य स्वयम सेविका**

बाल विवाह विरुद्धको रणनीति कार्यान्वयनका लागि महिला स्वास्थ्य स्वयम सेविकाहरुको भूमिका देहायबमोजिम हुनेछ ।

(क) बालबालिकाहरुको स्वास्थ्य निरीक्षण, घरदैलो अभियान संचालन गर्ने ।

(ख) बालविवाह विरुद्ध सूचना प्रवाह गर्ने।

(ग) शिशुहरुको खोपमा पहुँच वृद्धि गर्ने।

(घ) स्वास्थ्य सुचना तथा सेवा प्रवाह गर्ने।

**२१.१४ राजनीतिक दल**

बाल विवाह विरुद्धको रणनीति कार्यान्वयनका लागि राजनीतिक दलहरुको भूमिका देहायबमोजिम हुनेछ

(क) बाल विवाह रोक्न आवश्यक पहलगर्ने।

(ख) सरोकारवाला सबैलाई सल्लाह सुझाव दिने ।

(ग) बालविवाह सम्बन्धी आचारसंहिता निर्माण र कार्यान्वयनमा सहयोग र सहजीकरण गर्ने ।

(घ) बालविवाह अन्त्यका लागि समान अवधारणा बनाउने ।

(ङ) बालविवाह अन्त्यका लागि नेतृत्व लिने र नीतिनियमको विकास गर्ने ।

**२१.१५ बालक्लब/बाल संजाल**

(क) बालक्लबमा आवद्ध बालबालिकाहरु बालविवाहमा संलग्न हुने ।

(ख) बालविवाहबिरुद्ध अभियान संचालनका लागि आचार संहिता निर्माण गर्ने।

(ग) गाउँ तथा वडास्तरमा बालविवाह बिरुद्ध अभियान संचालन तथा परामर्श गर्ने ।

(घ) बालविवाह हुन लागेको वा भएकोमा निगरानी गर्ने एवं वडा कार्यालय र प्रहरी कार्यलयमा सूचना तथा जानकारी दिने ।

(ङ) विद्यार्थी आचारसंहिता निर्माण गरी कार्यान्वयनमा गर्ने गराउने।

(च) विद्यालयमा अतिरिक्त क्रियाकलापहरुको तर्जुमा तथा संचालन मातृत्वदायी भूमिका खेल्ने।

(छ) कक्षा मोनिटरसँग मासिक रुपमा बैठकहरु गरी विद्यालय नियमित नहुने, पूरा समय विद्यालयमा नबस्ने, पढाइमा कमजोर, विद्यालय अनुशासनमा नरहने, बालविवाह, बालश्रम र विद्यालय ड्रप आउटको जोखिममा रहेका बालबालिकाहरु पत्ता लगाई आवश्यक छलफल तथा परामर्श मार्फत समस्या समाधान गर्न विद्यालय तथा बालसंरक्षण समितिलाई सहयोग गर्ने ।

**२१.१६ धार्मिक गुरु तथा पुरोहित**

बाल विवाह विरुद्धको रणनीति कार्यान्वयनका लागि त्रिवेणी गाउँपालिका भित्र रहेका धार्मिक गुरु तथा पुरोहितको भुमिका देहायबमोजिम हुनेछ ।

(क) बालविवाह विरुद्धमा आवाज उठाउने धर्म गुरूहरूको वडा गत समिति गठन गर्ने ।

(ख) बालअधिकार र बालविवाहको जनचेतना कार्यक्रम गर्ने ।

(ग) विवाह गर्नु वा गराउनु अघि घरमुली संग उमेर सोधेर २० वर्ष कटेको सुनिश्चित भएपछि मात्र विवाह गर्न अनुमति दिने।

(घ) घरमुलीलाई बालविवाह हुने अवस्था देखिएमा कानुनको दण्ड सजाय बारे जानकारी दिने।

(ङ) बाल विवाहको असरर नकारात्मक प्रभावबारे सूचित गराउने।

(च) पूजापाठ आदि गर्न समुदायमा जाँदा बालविवाह बारे सचेतना गर्न सहयोग गर्ने।

(छ) बालविवाह गैरकानुनी हो भन्ने कुरा अनुयायीहरू र सर्वसाधारणलाई बताउने।

(ज) केटा र केटी दुवैको २० वर्ष उमेर नपुगी विवाह गर्न सल्लाह नदिने।

(झ) बाल विवाहबाट हुने सामाजिक र शारीरिक हानी बारे जनचेतना फैलाउने ।

**२१.१७ बालविवाह निगरानी समूह**

बाल विवाह विरुद्धको रणनीति कार्यान्वयनका लागि बालविवाह निगरानी समूहको भूमिका देहायबमोजिम हुनेछ ।

(क) विभिन्न निकायहरुसँगको समन्वयमा बालविवाह विरुद्धका कार्यक्रमहरु समुदायस्तरमा संचालनमा नेतृत्व गर्ने ।

(ख) बालबालिका, परिवार र समुदायमा बालविवाह विरुद्धको चेतना अभिवृद्धि गर्ने ।

(ग) बालविवाहको जोखिममा रहेका बालबालिकाहरुको पहिचान गर्ने र बालविवाहका घट्नाहरु रोक्नका लागि सम्बन्धित बालबालिका र उनीहरुको परिवारलाई परामर्श तथा सल्लाह प्रदान गर्ने

(घ) बालविवाहका घटना तथा बालअधिकार हननका घट्नाहरु रोक्न खोज्दाखोज्दै पनि घटेमा सम्बन्धित निकायमा उजुरी गर्ने र उजुरी उपर समन्वयकारी भूमिका निर्वाह गरिदिने ।

(ङ) बालविवाहमुक्त गाउँ वा समुदाय घोषणा प्रक्रियामा आवश्यक सहयोग गर्ने।

**२२. बाल विवाह अन्त्यका लागि सन्देशहरू**

रणनीतिक योजना तर्जुमा गोष्ठीबाट तय गरिएका निम्न सन्देशहरुलाई गाउँपालिका तहमा बालविवाहको अन्त्यका लागि सुचना प्रवाह गर्न प्रयोग गरिनेछ ।

क. पाँच वर्ष भित्रः बालविवाह मुक्त

ख. बालविवाह मुक्त बालबालिकाः समृद्ध त्रिवेणी गाउँपालिका

ग. हाम्रा बालबालिकाःबालविवाह मुक्त त्रिवेणी गाउँपालिका

घ. बालविवाह मुक्त परिकल्पना गरौः हाम्रो गाउँपालिकाको सपना साकार पारौं

ङ. बालविवाह हटाऔः समृद्ध गाउँपालिका बनाऔं

च. सुन्दर, शान्त र समृद्ध संस्कारः सुरक्षित, संरक्षित र सुनिश्चित बालअधिकार

छ. बालविवाह मुक्त घरः अब छैन कुनै डर

ज. विहावारीः बीस वर्ष पारी

झ. सारा त्रिवेणीबासीजागौः बालविवाह विरुद्ध लागौं

ञ. त्रिवेणी गाउँपालिको गन्तव्यःबालविवाह मुक्त हाम्रो कर्तव्य

ट. हाम्रो चाहनाः बालविवाह मुक्त समाजको सिर्जना

ठ. बालविवाह मुक्त गाउँपालिकाको सपना साकारःसमृद्ध नेपाल निर्माणको आधार

ड. स्वस्थ, समुन्नत र शिक्षित  त्रिवेणी हाम्रो चाहनाः पूर्ण बालअधिकारयुक्त समाज निर्माण हाम्रो कामना

ढ. हामी सबैको प्रतिवद्धताः बालविवाह विरुद्धको हाम्रो जवाफदेहिता

ण. तनदेखि मनसम्म सबै जना जागौः बालअधिकारको संरक्षणमा आजै देखि लागौं

**२३. बालसंरक्षण आचारसंहिता**

त्रिवेणी गाउँपालिकाका जनप्रतिनिधि, कर्मचारी, बाल संरक्षण समितिहरुका पदाधिकारी तथा सदस्यहरु, शिक्षक र बाल संरक्षण कार्य संग सम्वन्धित यस गाउँपालिकाका सबै व्यक्तिले गर्नै नहुने कार्यहरु निम्न रहेका छन्ः

क. बालबालिकालाई पिट्ने वा शारीरिक रुपमा आक्रमण वा शारीरिक दुर्व्यवहार गर्ने,

ख. बीस वर्ष भन्दा कम उमेरको कसैसँग पनि शारीरिक रूपमा परिपक्वता र सहमति भएपनि, कुनै पनि प्रकारको यौनजन्य कार्यमा संलग्न हुने वा यौन सम्पर्क राख्ने,

ग. बालबालिकासंग कुनै पनि प्रकारको शोषणजन्य वा दुर्व्यवहार ठहर हुनसक्ने सम्बन्धको विकास गर्ने,

घ. कुनै प्रकारको दुर्व्यवहार ठहर हुनसक्ने खालको क्रियाकलाप वा बालबालिकालाई दुर्व्यवहारको जोखिममा पार्न सक्ने क्रियाकलाप गर्ने,

ङ. अनुपयुक्त, नसुहाउने वा दुव्र्यवहार हुने प्रकारको भाषाको प्रयोग, सुझाव वा सल्लाह दिने,

च. अनुपयुक्त वा यौनजन्य उत्तेजना उत्पन्न गराउने प्रकारको शारीरिक व्यवहार गर्ने,

छ. बालबालिकाले आफैले गर्नसक्ने व्यक्तिगत प्रकृतिका कामहरु गरिदिने,

ज. बालबालिकाको कुनै पनि गैरकानुनी, असुरक्षित वा दुव्र्यवहार जन्य कामलाई बढावा दिने वा त्यसमा भाग लिने,

झ. कुनैपनि क्रियाकलाप जसले बालबालिकालाई लज्जित पार्ने, निरुत्साहित गर्ने, होच्याउने वा अन्य कुनै संवेगात्मक दुर्व्यवहार हुने खालका क्रियाकलाप गर्ने,

ञ. कुनै पनि बालबालिकाप्रतिको विभेद, अनुचित फरक व्यवहार वा कसैलाई छुट्याउने गरी खास बालबालिकालाई बढी सहयोग गर्ने,

ट. अरु भन्दा टाढा बालबालिका सँग अनावश्यक रुपमा धेरै समय विताउने,

ठ. अनुचित व्यवहारको आरोप आउने जोखिमपूर्ण परिस्थितिमा आफुलाई पार्ने

**२४. अनुगमन तथा मुल्याङ्कनः**

त्रिवेणी गाउँपालिका, अन्य सरकारी तथा गैरसरकारी संघ-संस्थाहरुबाट यस गाउँपालिकामा बालविवाह अन्त्यका लागि सञ्चालित प्रत्येक क्रियाकलाप तथा गतिविधिहरुको अनिवार्य रुपमा प्रभावकारी, पारदर्शी, जवाफदेहि तरीकाले कार्यान्वयन भएनभएको यकिन गरी राय, सल्लाह, सुझाव दिन गाउँ र वडास्तरको तपशिलको समन्वय र अनुगमन तथा मूल्याकंन समिति गठन गरिएको हुनेछ।सो समितिको काम, कर्तव्य र अधिकार स्थानीयनिकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधिमा व्यवस्था गरि वा भएबमोजिम हुनेछ।यसका अतिरिक्त यी समितिहरूले यो योजनालेनिर्दिष्ट गरेका क्रियाकलापहरुको प्रभावकारी कार्यान्वयन भएनभएको समेत अनुगमन तथा मूल्यांकन गरी पालिकाक्षेत्र भित्र सञ्चालन हुने गरेका सम्पूर्ण बालविवाह अन्त्यका क्रियाकलाप तथा गतिविधिहरुको नियमित अनुगमन गरी पालिकास्तरी यस मितिले सुझाव सहितको प्रतिवेदन परिषदमा पेश  गर्नेछ।

गाउँपालिकास्तरको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन समिति पालिका बाल अधिकार समिति नै रहनेछ ।

### २४.१ पालिका कार्यान्वयन, समन्वय र अनुगमन समितिको काम, कर्तव्यर अधिकार

स्थानीय पालिका स्तरको कार्यान्वयन, समन्वय र अनुगमन र मूल्याङ्कन समितिको काम,कर्तव्यरअधिकार देहाय बमोजिम हुनेछः

क.रणनीतिक योजनामा रहेका सामाजिक व्यवहार परिवर्तन सहितका बालविवाहविरुद्धका कार्यक्रमहरुलाई पालिकाको वार्षिक कार्यक्रममा प्राथमिकताका साथ समावेश गरी कार्यान्वयन गर्न पहल गर्ने।

ख. बालविवाहविरुद्धका कार्यक्रमलाई स्थानीयतहसम्म सञ्चालन गरी यस विरुद्धमा जागरण ल्याउन आवश्यक सहजीकरण गर्ने।

ग.बालविवाह अन्त्यका लागि सञ्चालित कार्यक्रमहरुको नियमित तथा आवश्यकतानुसार अनुगमन गर्ने र आवश्यक पृष्ठपोषण सहित सम्बन्धित निकायमा प्रतिवेदन पेश गर्ने।

घ. समितिको बैठक कम्तिमा तीन महिनामा एक पटक बस्नेछ।समितिको वैठकमा आवश्यकतानुसार सम्बन्धित विज्ञ एव संस्थाका प्रतिनिधिलाई आमन्त्रित सदस्यको रुपमा बोलाउन सकिनेछ।बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

### २४.२ वडा कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन समिति

वडा तहको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन समिति सबै वडामा वडा बाल अधिकार समिति नै रहनेछ ।

माथि उल्लेखित स्थानीय पालिकास्तरको कार्यान्वयन, समन्वय र अनुगमन समितिको काम, कर्तव्य र अधिकार बमोजिम वडा तहको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन वडा समितिले गर्नेछ।

## २५. कार्यान्वयनको समयावधि

यस रणनीतिक योजनाको कार्यान्वयन अवधि वि.स.२०८२/८३ देखि २०८६/८७ सम्म रहनेछ।योजना अवधिमा कानुनले निषेध गरेको बालविवाहको दर घटाउँदै यस त्रिवेणी गाउँपालिकालाई बालविवाहमुक्त गाउँ बनाइनेछ।

## २६. श्रोतको अनुमान तथा परिचालन

यस रणनीतिक योजनाको कार्यान्वयनका लागि गाउँपालिकाको प्रत्येक चालू आर्थिक वर्षको शुरुमा सो वर्षको वार्षिक योजना अनुरुपको क्रियाकलापको वास्तविक बजेट तर्जुमा गरिनेछ।यसरी वार्षिक योजना र बजेट तर्जुमा गर्दा यस गाउँपालिका तहमा कार्यरत संयुक्त राष्ट्रसंघीय निकाय, द्वीपक्षीय तथा बहुपक्षीय सरकारी निकाय,राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरुको प्रतिनिधिहरुलाई आमन्त्रण गरी ती निकाय तथा संस्थाहरुको तर्फबाट गरिने क्रियाकलापहरुलाई समेत यस रणनीतिक योजनामा मूलप्रवाहीकरण गरिनेछ।साथै यस रणनीतिक योजनाको समग्र पाँच वर्षको योजना तथा बजेटको अनुमानित बजेट तर्जुमा गरिए अनुसार प्रत्येक वर्षको अनुमानित बजेटलाई हरेक वर्ष अनुगमन गरी विस्तृत योजना तथा बजेट तर्जुमा गरिनेछ । स्थानीय सेवा, शुल्क तथा राजस्व संकलन तथा परिचनलाई प्रभावकारी बनाउन अनुगमन र मूल्यांकनलाई प्रभावकारी बनाउने।

**२७. जोखिम पहिचान तथा व्यवस्थापन**

बालविवाह अन्त्यका लागि रणनीतिक योजना कार्यान्वयन गर्ने क्रममा केहि जोखिमहरू पनि आउन सक्ने सम्भावना रहेको देखिन्छ । रणनीतिक योजना कार्यान्वयनका क्रममा आउन सक्ने सम्भावित जोखिमहरुलाई देहाय बमोजिम उल्लेख गरिएको छ ।

२७.१ **सम्भावित जोखिमहरू**

क. स्रोतको व्यवस्थापन समस्या

ख. विभिन्न निकायहरू बीच समन्वय र सहकार्य कमी

ग. कार्यान्वयन क्षमताको कमी

घ. कानुनको कार्यन्वयनमा कमि

ङ. प्रभावकारि अनुगमन तथा मूल्यांकनको कमी

च. प्राकृतिक प्रकोप

**२७.२ जोखिम व्यवस्थापनका लागि ध्यान दिनुपर्ने पक्षहरू**

क. रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयनको लागि विकास साक्षेदारहरूसंग श्रोत व्यवस्थापनको लागि समन्वय र सहकार्य गर्ने,

ख. रणनीतिक योजनामा समावेश भएका क्रियाकलापहरुलाई तहगत रुपमा वर्गीकरण गरि कुन वर्षमा के गर्ने भनि प्राथामिकीकरण गर्ने,

ग. पालिका भित्र बालबालिकाको क्षेत्रमा काम गर्ने सम्पूर्ण निकाय एवं संघसंस्थाहरू बीच साझा बुझाई कायम गर्ने,

घ. रणनीतिक योजना कार्यान्वयन समितिमा रहेका पदाधिकारीहरूको क्षमता अभिवृद्धि गर्ने,

ङ. बालविवाह अन्त्यकालागि कार्यक्रमहरूको सञ्चालन गर्न आवश्यकता अनुसार विभिन्न निकाय, संघसंस्थाहरूसँग समन्वय, सहकार्य र सम्बन्ध विस्तार गर्ने ।

## अनुसूचीहरु

अनुसूची:१

**<u>बाल विवाह विरुद्धको पञ्च वर्षिय रणनीतिक योजना २०८१-२०८६ निर्माण कार्यदलका पदाधिकारीहरुको बिबरण</u>**

1. सिता खड्का पुन (उपाध्यक्ष) सयोजक
2. खुम बहादुर के.सी. (प्रमुख प्रशासकीय अधिकृत) सदस्य
3. गणेश आर्चाय (शिक्षा शाखा प्रमुख) सदस्य
4. प्रभात कुमार श्रेष्ठ (स्वास्थ्य शाखा प्रमुख) सदस्य
5. विनायक रेग्मी (डि.डि.एस-क्याम्मा सल्यान) सदस्य
6. रोमशा बुढा(बालसञ्जाल अध्यक्ष) सदस्य
7. विरेन्द्रराज गुरुङ ( प्रहरी प्रमुख) सदस्य
8. रेखा रेउले पञ्जीकरण शाखा सदस्य

9. यज्ञ बहादुर पुन प्रधानाध्यक त्रि.मा.वि. सरीकोट सदस्य
10. बसन्ता ओली(महिला बालबालिका इकाई प्रमुख) सदस्य सचिव

**अनुसूचीः २ रणनीतिक योजना तर्जुमा प्रक्रियाका केही तस्वीरहरु**

**सन्दर्भस्रोत**


१. बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति—२०७२
२. नेपाल कानुन आयोग, नेपालको संविधान (२०७२)
३. मुलुकी अपराध संहिता ऐन—२०७४
४. बालबालिका सम्बन्धी राष्ट्रिय नीति—२०६९
५. समग्र राष्ट्रिय कार्ययोजना (२०७०।०७१—२०७४।०७५)
६. स्थानीय सरकार सञ्चालन ऐन—२०७४
७. बालबालिका सम्बन्धि ऐन—२०७५
८. कर्णाली प्रदेसमा बाल बिबाहको अबस्था, आवाज
९. नेपालमा बालबालिकाहरुको स्थिति—२०७५
१०. संयुक्त राष्ट्रसंघिय बालअधिकार सम्बन्धी महासन्धि—१९८९
११. त्रिवेणी गाउँपालिकाको बाल अधिकार संरक्षण तथा प्रबर्धन कार्यविधि २०७८
१२. नेपालको चौधौं योजना
१३. त्रिवेणी गाउँपालिका तथा वडा कार्यालयका अभिलेखहरु
१४. बालमैत्री स्थानिय शासन राष्ट्रिय रणनीति २०६८
१५. बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्य विधी २०६
१६. बालश्रम निवारण सम्बन्धी राष्ट्रिय गुरुयोजना २०७५—२०८५
१७. दिगो बिकास लक्ष्य (२०१६-२०३०)